# झुलेनी पोष्ट

www.jhulenipost.com

वर्ष ५, अंक १४, २०७९ कार्तिक २९ मंगलवार (Jhuleni Post Weekly 15 Nov 2022) पृष्ठ ८, मुल्य रु. २० साप्ताहिक



झुलेनी पोष्ट साप्ताहिक

विज्ञापन प्रकाशनका लागि सम्पर्क

०८६-५९०४३६

कार्यालय : प्यूठान न.पा.-४, बिजुवार

Email : jhulenipyuthan@gmail.com


# रोचक बन्दै प्यूठानमा चुनावी माहोल





**झुलेनी नेटवर्क**
**प्यूठान**

मंसिर ४ गते हुने प्रतिनिधि सभा निर्वाचनका सन्दर्भमा प्यूठानमा चुनावी सरगर्मि उत्कर्षमा पुगेको छ।

मतदानको मिति नजिकिँदै गर्दा चुनावी माहोल समेत रोचक बन्दै गएको छ । दलहरु आ-आफ्ना एजेण्डा सहित मतदाता समक्ष पुगि रहेका छन् । एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेको प्यूठानमा एक स्वतन्त्र सहित ७ जना उम्मेदवार छन् । मुख्य प्रतिष्पर्धा भने नेकपा (एमाले) र सत्ता गठबन्धन बीच नै हुने देखिएको छ । नेकपा (एमाले) का तर्फबाट पोलिटव्यूरो सदस्य एवं प्यूठान जिल्ला इन्चार्ज सूर्य थापा र गठबन्धनका तर्फबाट राष्ट्रिय जनमोर्चाका उपाध्यक्ष दुर्गा पौडेल नै मुख्य प्रतिष्पर्धीका रुपमा देखिएका छन् । २०७० को संविधान सभा निर्वाचनमा चौथो दलको हैसियतमा रहेको एमालेले दुवै क्षेत्रमा जित निकाल्न सफल भएको थियो । तत्कालिन एमाले उपाध्यक्ष बामदेव गौतम र हिरा बहादुर केसीको चुनावी कमाण्ड सम्हालेका थापा अहिले स्वयम् उम्मेदवार रहेका छन । २०७४ सालको आम निर्वाचन तत्कालिन पार्टी महासचिव इश्वर पोखेलको चुनावी 'कमाण्डर' भएर सफलता हाँसिल गरेको अनुभव थापासँग छ । मुख्य प्रतिष्पर्धी दुर्गा पौडेलसँग दुई कार्यकाल संसदको अनुभव छ । पहिलो पटक समानुपातिक तर्फबाट र दोश्रो पटक बाम गठबन्धन (एमाले-माओवादी) को सहयोगमा प्रत्यक्ष निर्वाचत सांसदको अनुभव पौडेलसँग छ । थापा र पोडेल नै यस पटकको निर्वाचनका मुख्य प्रतिष्पर्धी हुन् । दुर्गालाई जिताउन मत माग्दै हिँडेको जिल्लाको प्रमुख शक्ति एमाले अहिले उनैलाई हराउन अघि बढेको छ । दुई/दुई पटक सांसद भएर प्यूठानको विकासमा उल्लेखनीय योगदान गर्न नसकेकोले यस पटक आफ्नो पक्षमा जीत पक्का हुने एमालेको ठम्याई छ । गठबन्धननै जीतको मुख्य आधार भएको भन्दै सत्ता गठबन्धनका दलहरु समेत चुनावी कार्यक्रममा केन्द्रित छन् ।

## को हुन् सूर्य थापा ?

राजनीति, पत्रकारिता, समाजसेवा लगायतका क्षेत्रमा बहुआयामिक क्षमता भएका सूर्य थापाको विगत जति गर्विलो छ, भविष्य पनि उस्तै उज्वल छ किनभने उनीसँग जनताको जीवन बदल्ने सुन्दर सपना र दृढ अठोट छ त्यही सपना र अठोट पूरा गर्नका लागि उनलाई जनताको अपार साथ छ । त्यो साथ यसपटक प्यूठानी जनताले मतद्वारा पुष्टि गर्नेछन् । र, जनताको सेवा गर्न संघीय संसदमा पुयाउनेछन् ।

## संक्षीप्त परिचय

निडर, हक्की र प्रष्ट वक्ता सूर्य थापा नेकपा (एमाले) को पोलिटव्यूरो सदस्य हुन् । विगतमा पार्टीको प्रचार, पर्यटन लगायतका क्षेत्रमा अनेक भुमिकामा रहेर योगदान गरेका उनी अहिले आफ्नै गृह जिल्ला प्यूठानको इञ्चार्ज समेत हुन् । आफ्नो जिल्लाका जनताको सेवक बन्ने पुरानो सपना पूरा गर्ने नयाँ नयाँ योजना बनाउन तल्लीन हुनुहुन्छ सामान्य किसान परिवारमा जन्मिएका उनको जन्म २०३१ साल साउन ८ गते झिमरुक गाउँपालिका र सौतामारे काभ्रेखोलामा भएको हो । उनका पिता स्वर्गिय खेतबहादुर थापा र माता खिमाकुमारी थापा हुन् । राजनीतिक क्षेत्रमा विभिन्न भूमिकासंगै प्यूठान विकास मञ्चको अध्यक्ष भएर प्यूठानको विकास प्रक्रियाको संयोजनका लागि ऐतिहासिक पहलहरु गरेका उनले देश र दुनियाँ बुझ्ने गरी अनेक देशहरुको भ्रमण गरेका छन् र महत्वपूर्ण अनुभव बटुलेका छन । उनले अहिलेसम्म देशका ७५ जिल्ला र विश्वका दुई दर्जन भन्दा बढी देशको भ्रमण गरेका छन् ।

## राजनीतिमा रफ्तार

सानो उमेरदेखि नै राजनीतिक चेतना र जागरणबाट प्रभावित उनको राजनीतिक यात्रा २०४३-२०४४ मा अर्घाखाँचीमा विद्यार्थी आन्दोलनबाट शुरु भएको हो । विद्यार्थी आन्दोलनदेखि जनविरोधी कठोर व्यवस्था परिवर्तनका आन्दोलनहरुमा सधै सक्रिय उनले विगतमा पार्टी, जनसंगठन र विभिन्न मोर्चाहरुमा रहेर अनेक नेतृत्वदायी भूमिका खेलेका छन् ।

यी तथ्यहरुले उनको राजनीतिक यात्रालाई सरसर्ती प्रस्तुत गर्दछन्- २०४३ २०४४ मा अर्घाखाँचीमा अध्ययनरत रहँदा स्ववियु (एकताको पाँचौं ) मा सक्रिय, २०४९ मा काठमाडौंको कैलाशकुट बहुमुखी क्याम्पसको स्ववियु सभापति, २०५३ ०५४ मा नेकपा (एमाले) पार्टी पत्रकार केन्द्रीय फ्याक्सन सदस्य, २०५४-०५५ मा संचार इलाका कमिटीको सदस्य, २०५५-०५६ प्यूठान काठमाडौं सम्पर्क मञ्चको सचिव, २०५५-०५९ मा प्यूठान काठमाडौं सम्पर्क मञ्चको अध्यक्ष, २०५५-०५९ मा राप्ती काठमाडौं सम्पर्क मञ्चको अध्यक्ष, २०५७-०५९ मा प्रेस चौतारी नेपाल केन्द्रीय फ्याक्सनको सदस्य, २०५९ २०६५ मा नेपाल पत्रकार महासंघ केन्द्रीय फ्याक्सनको सचिव, २०५९-०६४ मा नेकपा (एमाले) केन्द्रीय प्रचार विभागको सदस्य, २०६४-०७१ मा केन्द्रीय प्रचार तथा प्रकाशन विभागको सचिव, २०७१ मा पार्टीको नवौं राष्ट्रिय महाधिवेशनबाट केन्द्रीय सदस्य, २०७१ मा केन्द्रीय प्रचार विभाग उपप्रमुख तथा प्रचार सम्बद्ध संगठन सह- इन्चार्ज, २०७१ मा केन्द्रीय पर्यटन प्रवर्द्धन विभाग प्रमुख तथा पर्यटन सम्बद्ध संगठनहरुको इन्चार्ज, २०७५-२०७७ मा नेपाल कम्युनिष्ट **बाँकी ५ पेजमा**

## हाम्रो नजर

# सबैले सिको गर्न जरुरी छ




*मल्लरानी गाउँपालिका-४ खलंगा स्थित खलंगा प्राथमिक स्वास्थ्य केन्द्रमा ७ महिनापछि डाक्टरको व्यवस्था गरिएको छ । स्वास्थ्य केन्द्रमा कार्यरत डाक्टर अध्ययन बिदामा गएपछि बैशाख देखि डाक्टरबिहीन भएकाले उक्त स्वास्थ्य केन्द्रमा करारमा डाक्टर र राखिएको हो । मल्लरानी गाउँपालिकाले करार सेवामा डाक्टर नियुक्त गरेर व्यवस्थापन गरेको हो । डाक्टर भोज बहादुर भण्डारी आईतबार देखि स्वास्थ्य केन्द्रमा हाजिर भएका छन । स्वास्थ्य केन्द्रमा डाक्टर नहुँदा मल्लरानी गाउँपालिकाका विरामी सेवा पाउनबाट बञ्चित भएका थिए । संघीय सरकार र प्रदेश सरकारसँग पटक-पटक माग गर्दा पनि व्यवस्थापन हुन नसकेपछि गाउँपालिकाले आफ्नै स्रोतमा व्यवस्थापन गरेको गाउँपालिकाले जनाएको छ । आफ्नो पालिका भित्रका वासिन्दालाई सेवासुविधा प्रदान गर्न यस गाउँपालिकाले चनलेको पदम प्रसंशनीय छ ।*

# उपभोक्ता समिति गठनमा उपभोक्ताले नै पाएनन् खबर

*झिमरुक गाउँपालिका वडा नम्बर ४ स्थित "चालिसे-अम्बोटे-पिपलटारी-सयमुरे" खेतका उपभोक्ताहरुले आफूहरुलाई खबरै नगरी उपभोक्ता समिति गठन गरेको भन्दै झिमरुक गाउँपालिकाको कार्यालय र जिल्ला प्रशासन कार्यालयमा लिखित उजुरी दिएका छन् । समिति गठन गर्दा ८० प्रतिशत उपभोक्ताहरुलाई खवर नभएको उनीहरुको गुनासो छ । सिमित व्यक्तिहरुको सहभागीतामा मात्र समिति गठन गरिएकोले पून: उपभोक्ताहरुलाई भेला गराएर समिति गठन गर्न माग सहित उजुरी दिइएको स्थानीय जगत बहादुर जिसीले जानकारी दिए । सिंचाई योजनाबाट लाभांवित १२ जना उपभोक्ताहरुको उजुरीमा संयूक्त हस्ताक्षर छ । खेतमा सिंचाई सुविधा पुऱ्याउन मर्मत र विस्तारका लागि लुम्विनी प्रदेश सरकारले चालु आर्थिक वर्ष कार्यान्वयन गर्ने गरी उक्त योजनामा ५० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । योजनाको कार्यान्वयन गर्ने निकाय जिल्लामा जलस्रोत तथा सिंचाई कार्यालय विजुवार प्यूठान हो । शुरुवाती चरणमा उपभोक्ता समिति गठन गर्नका लागि सम्वन्धित वडा कार्यालयमा पूर्ण अधिकार दिइएको जलस्रोत तथा सिंचाई कार्यालयका सव इन्जिनियर विधान पण्डितले जानकारी दिए । वडाबाट उपभोक्ता समिति गठन गरेर दर्ताका लागि सिंचाई कार्यालयमा आउनुपर्ने प्रक्रिया रहेको पण्डितको भनाई छ । उनका अनुसार विवादित बनेको उक्त समिति दर्ताका लागि सिंचाई कार्यालयमा पुगेको छैन् । सामान्य औपचारिक मात्र पुरा गरेर वडा कार्यालयले समिति गठनका लागि सिफारिस दिएको उपभोक्ताहरुले आरोप लगाएका छन् । बहुसंख्यक उपभोक्तामाथी अन्याय भएको उनीहरुको गुनासो छ । झिमरुक ४ का वडा अध्यक्ष सिताराम पोखरेलले प्रशासनमा उजुरी परेपछि सहजीकरणका लागि प्रमुख जिल्ला अधिकारीले पत्र पठाएको जानकारी गराए । "अहिले निर्वाचनमा व्यस्त छौं । चुनाव लगतै यसको समाधान हुन्छ",उनले भने," पहिले कुलो बनिसकेका उपभोक्ताहरुले उजुरी गर्नुभएको रहेछ । यो त्यति ठूलो विषय होइन् ।" पोखरेलले कुलो बनाउने व्यवसायीको पहलमा उपभोक्ता समिति गठन भएको जानकारी गराए ।*

झुलेनी पोष्ट

सम्पादकीय ....

## निर्वाचन शिक्षा प्रभावकारी बनाउ

*आवधिक निर्वाचन लोकतन्त्रको आत्मा हो तर निर्वाचन हुनु नै लोकतन्त्रको पर्याप्त भने होइन । यसको मतलब हो, निर्वाचन प्रथमत: स्वतन्त्र तथा स्वच्छ हुनु जरुरी हुन्छ । स्वतन्त्र निर्वाचनबाट मात्र मतदाता आफ्नो पत्ताएको जनप्रतिनिधि छान्न वा तिनको पक्षमा मतदान गर्न सक्छन् । यसरी हर व्यक्ति आफ्ना प्रतिनिधि मार्फत् अपरोक्षरुपमा राज्यप्रणालीमा सहभागी हुन पाउनु नै लोकतन्त्रको विशिष्टता हो ।*

*लोकतन्त्रका सैद्धान्तिक कुरा व्यवहारमा कसरी उतार्ने भन्ने चुनौती लोकतन्त्रको विकासमा प्रत्येक देशले प्रारम्भिक चरणमा भोगेको समस्या हो । पश्चिमी लोकतान्त्रिक देशहरुमा निर्वाचनको निष्पक्षताबारे अपवाद बाहेक प्रश्न उठ्ने गर्दैन तर गरीबी, निरक्षरता, निर्दोषी मतदाता रहेको हाम्रो जस्तो मुलुकमा निर्वाचनको सर्वथा निष्पक्षताबारे पटकपटक प्रश्न उठ्ने गर्छ । यसको मुख्य कारण मतदानको महत्व पूरापुर नबुझ्ने मतदाता हाम्रो देशमा ठूलो संख्यामा हुनु नै हो । तिनलाई आफ्नो स्वेच्छाले भन्दा अरुको बहकाउमा वा प्रलोभनमा पारी मतदान गराउने प्रपञ्च रच्ने समुहहरु खासगरी निर्वाचनको समयमा सक्रिय हुनाले निर्वाचन निश्पक्ष हुन सक्दैन ।*

*कतिपय अवस्थामा "भोट बैंक" भन्दै यिनले हजारौं मतदाता आफ्नो कब्जामा राख्ने र यसवापत चित्तबुझ्दो मूल्य पाएपछि मत खसाल्न तिनलाई मतदान केन्द्रमा पुऱ्याउने काम पनि गर्छन् । थरीथरीका धाँधली मच्चाउने यस्ता व्यक्ति वा समूहहरुका दूषित उद्देश्य प्रभावहीन बनाउने एउटा सशक्त माध्यम निर्वाचन शिक्षा हो । हाम्रो जस्तो देशमा नागरिक शिक्षा स्वतन्त्र निर्वाचनका अभिभाज्य अंग हुन् र हुनु पनि पर्छ । निर्वाचन शिक्षा जति व्यापक तथा प्रभावकारी बनाउन सकिन्छ उति नै स्वेच्छाको मतदान प्रवृत्ति बढ्ने तथा बहकाउ वा प्रलोभनमा मतदान गर्ने प्रवृत्ति घट्ने अवस्था गराउन सकिन्छ हाम्रोजस्तो देशमा निर्वाचनमा पैसाको छेलोखेलो तथा अत्यधिक खर्च वा भ्रष्टाचारको बोलवालाको चर्चा जुन हुने गर्छ यिनको खास कारण प्रथमत: हाम्रो समाजमा अझै पनि ठूलो संख्यामा विद्यमान निरक्षरता तथा गरिबी नै हो । यस अवस्थाबाट तत्काल मुक्ति पाउन सकिन्न । यो दीर्घकालीन योजनाभित्र पर्ने काम कर्तव्यका कुरा अवस्य हुन् तापनि निर्वाचनकालमा नै भए पनि प्रभावकारी निर्वाचन शिक्षा अभियान विशेषगरी निर्दोष जनसमुदायमा केन्द्रित भई युद्धस्तरमा तथा राष्ट्रव्यापीरुपमा जति बढी प्रभावकारितासाथ सञ्चालन गर्न सकिन्छ उतिकै बहकाउमा तथा प्रलोभनमा परी हुने मतदान पर्याप्त मात्रामा घटाएर स्वेच्छाको मतदान प्रवृत्ति बढाउन सकिन्छ । यो हाम्रो आजको राष्ट्रिय आवश्यकता हो यसमा सरोकारवाला निकायको ध्यान जानुपर्छ ।*

# डेंगु नियन्त्रण : उत्तरदायित्व कसको ?



बबिता बस्नेत

**डेंगुले मानिसको शक्ति यसरी खिचेर लिँदोरहेछ कि ज्वरो आउन छोडेपछि पनि कति दिनसम्म कमजोर बनाउने । एउटा कोठाबाट अर्को कोठामा पुग्दा पनि कति टाढाको दूरी पार गरेजस्तो हुने, आफ्नै घरको भऱ्याङ तल-माथि गर्न गाह्रो, ज्वरो आउन छोडेपछि पनि निन्द्रा नआउने ।**

आफ्नै अनुभवबाट कुरा सुरु गरौं, कार्तिक ६ गते आइतबार तिहारको सुरुवातको दिन । दिउँसो किनमेल गर्न निस्किएको बेला शरीरमा अलि तातो महसूस भयो । कहिलेकाहीँ त्यस्तो हुन्छ भनेर खासै वास्ता गरिनँ । साँझ कतार एम्बेसीले आयोजना गरेको कार्यक्रममा जानका लागि ठिक पर्दै गर्दा एक्कासी ज्वरो आयो । ज्वरो पनि यसरी आयो कि दश मिनेटको बीचमा उभिनै नसक्ने गरी । त्यत्ति छिटो एकैछिनमा हनहनी ज्वरो आएको त मलाई त्यसअघि कहिल्यै थाहा थिएन । डेंगुका लक्षणहरू भन्दै 'एक्कासी ज्वरो आएमा'' भनेर फोनमा बज्ने पत्रकार अनिता बिन्दुको आवाज सम्झिएँ । ज्वरो नाप्दा १०३ पुगेको रहेछ । पार्टी जान लुगा लगाउँदा र लगाएको लुगा फेर्दा १५ मिनेट जतिको समयमा म निकै सिकिस्त भइसकेकी थिएँ ।

यो परिस्थिति वर्णन गर्नुको कारण डेंगुले मानिसलाई कसरी कुनै पूर्वतयारीको मौका नदिइ एक्कासी ढलाउँदो रहेछ भन्ने बारेमा जानकारी गराउनु हो । संयुक्त परिवारमा बस्ने भएकाले रेखदेख गर्ने आफन्तको कमी थिएन । एकल परिवारमा बस्नेहरूलाई त सिटामोल किन्न जाने समय पनि नदिइ ओछ्यान पुऱ्याउने रहेछ । ओछ्यान परेपछि केही दिनसम्म यति गाह्रो भयो कि जिन्दगीको अन्त्य हुनै लागेजस्तो । खान मन नलाग्ने, वाकवाकी लाग्ने, टाउको दुख्ने, औषधिले छोड्नासाथ ज्वरो आउने, एउटा सिटामोलले कामै नगर्ने, एकैपल्ट दुई वटा सिटामोल खानुपर्ने । चाडबाडको समय अस्पतालको इमर्जेन्सीमा खुट्टा राख्ने ठाउँ छैन । एउटै घरमा कति जना बिरामी छन्, तर डेंगु लागेपछि खासमा के गर्नु पर्ने हो र के गर्न नहुने हो न त सही सुझाव दिने कुनै ठाउँ छ न त कसैलाई चासो नै ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको वेबसाइट हेर्नुभयो भने पहिलो पृष्ठमा डेंगुको बारेमा कतै केही उल्लेख गरिएको छैन । मन्त्रालयको तर्फबाट सर्वसाधारणका नाममा कुनै आह्वान या इमर्जेन्सी परे कहाँ जाने, के गर्ने केही छैन । स्वास्थ्य मन्त्रालयले केही समययता जारी गरेका विज्ञप्तिहरू हेर्दा मुलुकमा डेंगुले मान्छेलाई प्रभावित बनाएको छ भन्ने थाहा हुँदैन । घर-घरमा मानिसहरू बिरामी भएर महामारीको रूप लिएको अहिले होइन भदौ महिनादेखि नै हो । तर सार्वजनिक सन्देशका नाममा मोबाइलमा बज्ने 'डेंगु रोगबाट बच्न मच्छडलाई नटोकाउँ' भन्नेबाहेक अरु केही छैन । यस्तो लाग्छ, मोबाइलमा एउटा सन्देश छोडिदिएपछि सरकारको काम सकियो । स्वास्थ्य मन्त्रालयमा अहिले भवानी खापुङ नाम गरेका मन्त्री र हिराचन्द्र केसी नामका राज्यमन्त्री छन् । मन्त्रालयको वेबसाइट हेर्दा थाहा हुन्छ, देवकुमारी गुरागाईं र डा.रोशन पोखेल दुई जना सचिव छन्, तर डेंगुको बारेमा सर्वसाधारणलाई जानकारी दिने काम र यसको नियन्त्रण मन्त्रालयको दायित्वभित्र पर्छ भन्ने सङ्केत कतैबाट पनि देखिँदैन । डेंगुले घर-घरमा महामारीको रूप लिँदा यसको नियन्त्रणका लागि कुनै पनि सरकारी निकायको सक्रियता देखिएको छैन।

अहिले राजधानीका चोक, गल्ली जताततै डेंगुले आफूलाई सताउँदा कस्तो महसूस भयो भनेर मानिसहरू आफ्नो अनुभव सुनाइरहेका देखिन्छन्, भेटिन्छन् । घरमै ओछ्यान पर्ने र अस्पताल भर्ना हुनेहरूको सङ्ख्या त्यत्तिकै छ । डेंगुले मानिसको शक्ति यसरी खिचेर लिँदोरहेछ कि ज्वरो आउन छोडेपछि पनि कति दिनसम्म कमजोर बनाउने । एउटा कोठाबाट अर्को कोठामा पुग्दा पनि कति टाढाको दूरी पार गरेजस्तो हुने, आफ्नै घरको भऱ्याङ तल-माथि गर्न गाह्रो, ज्वरो आउन छोडेपछि पनि निन्द्रा नआउने । बाँच्नेलाई यस्तो सास्ती छ भने मृत्यु हुनेको सङ्ख्या पनि बढिरहेको छ । श्रावणदेखि कार्तिकसम्म करिव चार महिनाको बीचमा ५४ जनाको मृत्यु हुनु सानो कुरा होइन । युवा उमेरका मानिसहरूको भकाभक मृत्यु हुँदा पनि डेंगुलाई सरकारले गम्भीरता पूर्वक लिएको छैन ।

*डेंगुका कारण उच्च ज्वरो आएपछि 'प्लेटलेट' घट्ने रहेछ । प्लेटलेट घट्ने भनेको के हो ? यो कति हुनुपर्ने हो ? यसलाई बढाउन के गर्नुपर्छ ? बिरामीले के खाँदा या के गर्दा यो बढ्छ ? भन्ने जस्ता सामान्य जानकारी दिनका लागि अन्तर ाष्ट्रिय सहयोग चाहिँदैन । मन्त्रालयसँग भएको बजेटले नै जनचेतना फैलाउन सकिन्छ तर यस्ता प्राविधिक तर महत्वपूर्ण जानकारीलाई छ्याप्छाप्ती पार्न कुनै पहल गरिएको छैन ।*

डेंगुबाट मानिसले पाएको सास्ती हेर्दा सरकार अलिकति मात्रै उत्तरदायी भईदिएको भए सर्र्वसाधारणले यो अवस्था ब्यहोर्नुपर्ने थिएन भन्ने लाग्छ । स्वास्थ्य मन्त्रालयले महामारीको रूपमा यसलाई पहिचान गर्नका लागि डब्लुएचओसँग समन्वय गरेको भए यसको गम्भीरता फरक रूपमा अघि बढ्ने थियो । संयुक्त राष्ट्रसङ्घीय निकाय र अन्तर्राष्ट्रिय सहयोगको त कुरै छोडौं आफूले गर्न सक्ने काम पनि स्वास्थ्य मन्त्रालयले गरेन । डेंगुका कारण उच्च ज्वरो आएपछि 'प्लेटलेट' घट्ने रहेछ । प्लेटलेट घट्ने भनेको के हो ? यो कति हुनुपर्ने हो ? यसलाई बढाउन के गर्नुपर्छ ? बिरामीले के खाँदा या के गर्दा यो बढ्छ ? भन्ने जस्ता सामान्य जानकारी दिनका लागि अन्तर्राष्ट्रिय सहयोग चाहिँदैन । मन्त्रालयसँग भएको बजेटले नै जनचेतना फैलाउन सकिन्छ तर यस्ता प्राविधिक तर महत्वपूर्ण जानकारीलाई छ्याप्छाप्ती पार्न कुनै पहल गरिएको छैन । यसको संवेदनशीलता र जटिलताको बारेमा जानकारी दिनु राज्यको कर्तब्य हो । तर अहिले राज्य विहीनताको अवस्था छ । मानिसहरू उसले उसलाई उसले उसलाई सुनेको र अनुभवको आधारमा खानेकुराहरू खाइरहेका छन । कतिले थाहा पाएर पनि खान पाएका छैनन् । आफैले प्रत्येक दिन कमाएर खानुपर्ने मजदुर वर्ग कसरी यो रोगसँग जुधिरहेको छ, कसैले चासो राखेको छैन ।

कोरोनाको बारेमा मानिसहरूलाई जति थाहा थियो, डेंगुको बारेमा जानकारी छैन । अहिले पनि सरकारले कोरोनाको बारेमा अपडेट दिइरहेको छ तर डेंगुको छैन । अनुभवले भन्छ, कोरोना भन्दा डेंगु निकै पीडादायी हुने रहेछ । एकर्कामा नसर्ने हुँदा कोरोनाभन्दा डेंगु कम जोखिमपूर्ण हो तर जसलाई भएको छ उसलाई फेरि पहिलाको अवस्थामा फर्किन निकै सकस भएको छ । शारीरिक कमजोरी हटाउनका लागि मानिसले खानुपर्छ तर कति मानिसलाई खानेकुराको अभाव छ । नरिवल पानी, किवी, मेवालगायतका फलफूलले प्लेटलेट बढाउँछ भनिन्छ तर यी फलफूलहरू सर्वसाधारणले किनेर खान सक्ने भाउका छैनन् । किनेर खान नसक्नेहरू कहिले उठ्ने?

हाम्रो समाजमा मुलतः तिनथरी मानिस छन् । एकथरी किनेर खान सक्छन्, संयुक्त परिवारमा बस्ने भएकाले खान दिने आफन्तहरू छन् । दोश्रोथरीसंग खानेकुराको कमी छैन तर खाउ न भनेर अगाडि राखिदिने मानिसको कमी छ । एकल परिवारमा छन्, परिवारका सदस्यहरू कोही कता कोही कता छन् । सबै कुरा भएर पनि बिरामी भएका बेला त्यस्ता मानिसहरू अप्ठ्यारो परिस्थितिमा हुन्छन् । तेश्रोथरी चाहिँ अभावको जीवन बाँच्नेहरू हुन् । बिहान-बेलुका छाक टार्न धौ-धौ हुनेहरूलाई रोग आफैंमा ठुलो पहाड बनेर आइदिन्छ जसलाई उक्लन उनीहरूले धेरै नै मिहेनत गर्नु पर्छ । उनीहरूका लागि अस्पताल, औषधि, पौष्टिक खानेकुरा निकै टाढाका कुरा हुन् । हामीकहाँ बिरामी परेको बेला यो खानुपर्छ, त्यो खानुपर्छ भनेर सम्झाउने मानिसहरूको कमी छैन, ल' यो खाउ भनेर अगाडि राखिदिने मानिसहरू ज्यादै कम भेटिन्छन् । जसले अगाडि राखिदिन्छन् ती तपाईंका नजिकका ।

बाँकी ४ पेजमा

# बौद्धिक वर्गको जिम्मेवारी छैन ?

***जसरी दलहरू आ-आफ्ना विशिष्ट दार्शनिक आधारसहितका घोषणापत्र सूत्रपात गर्नबाट चुकेका छन्, त्यसै गरी नेपालको बौद्धिक भनिने वृत्त पनि ती घोषणा, प्रतिबद्धता वा संकल्पहरूको वैचारिक झुकावको आग्रह र पूर्वाग्रहरहित समीक्षा गर्न उत्तिकै अक्षम र उदासीन देखिएको छ ।***






**अच्युत वाग्ले**

भारतको मुम्बईका नानाभाइ (नानी) पाल्किवाला (सन् १९२०-२००२) एक अद्भुत 'पब्लिक इन्टेलेक्चुअल' थिए । पेसाले कर सम्बन्धी कानुनका वकिल उनी आफ्नो 'समानान्तर बजेट' का लागि प्रख्यात भए । आफूलाई 'अफर' गरिएका सर्वोच्च अदालतको न्यायाधीश, महान्यायाधिवक्तासहित धेरैवटा उच्च सार्वजनिक पद अस्वीकार गरेका उनको इमानदारी र जनविश्वास अप्रतिम थियो ।

सन् १९५८ मा उनले भारत सरकारले बजेट प्रस्तुत गर्नेबित्तिकै त्यसको चिरफारसहित त्यो बजेट कस्तो हुनुपर्थ्यो वा हुन सक्थ्यो भनेर समानान्तर बजेट वक्तव्य दिन सुरु गरे । एउटा होटलको सानो हलबाट सुरु भएको उनको बजेट-वक्तव्य सुन्न भारतभरिबाट उद्योगपति, प्राज्ञ, कर्मचारी र सर्वसाधारण हजारौंको संख्यामा आउन थालेपछि पछिल्ला वर्षहरूमा मुम्बईको ब्रेबोर्न स्टेडियम बुक गर्न थालिएको थियो । 'भारतमा दुईवटा बजेट भाषण हुन्छन्, नानीको र सरकारको' भनिन्थ्यो । पाल्किवालाको बजेट सरकारको भन्दा धेरै लोकप्रिय हुन्थ्यो । उनको समीक्षापछि सरकार धेरैवटा कमजोरी सच्याउन बाध्य हुन्थ्यो ।

सार्वजनिक महत्त्वका दस्तावेजहरूमाथि बौद्धिक जगत्को यस्तो गम्भीर प्रकृतिको विश्लेषण, निर्भीक हस्तक्षेप र वैकल्पिक अवधारणा निर्माणले लोकतान्त्रिक प्रणाली सबल र प्रभावकारी हुन्छ । नेपाल संसदीय चुनावको संघारैमा छ । प्रतिस्पर्धी दलहरूले बाध्यतावश अन्तिम घडीमा घोषणापत्रहरू ल्याए । ती घोषणापत्रहरूमाथि 'पब्लिक इन्टेलेक्चुअल' हरूका गम्भीर समीक्षा र धारणा पटक्कै आएका छैनन् । ती घोषणापत्रहरूमा नवीनता विरलै रहेका, मुलुकका समस्याहरूको सम्बोधनमा दलहरू चुकेका, ती कर्मकाण्डी मात्र भएका केही प्रतिक्रिया अवश्य नै आएका छन् । तर, खास गरी सरकार बनाउने दाबी गरिरहेका दल वा दलका गठबन्धनहरूले कुनकुन क्षेत्रमा केकस्ता प्रतिबद्धता ल्याउने दूरदृष्टि र हिम्मत देखाउनुपर्थ्यो भन्ने विषय समेटेर नानी पाल्किवालाले जस्तै ती सतही घोषणाहरूलाई गौंचिरा विश्लेषण गरेर बौद्धिक जगत्ले पनि राजनीतिका सतही ढाकछोपलाई चुनौती दिन सक्नुपर्थ्यो ।

यस आलेखमा पाल्किवालाको प्रसंग उठाइनुको कारण गहन सार्वजनिक चासोका राष्ट्रिय मुद्दाहरूमा नेपाली बौद्धिक जगत्को चासो, क्षमता र भूमिकाको तुलना गर्नु हो । आन्तरिक लोकतन्त्रको अभ्यास शून्यप्रायः भएकाले दलहरूले अवलम्बन गर्ने अर्थ-सामाजिक नीतिहरू र मुलुकको उन्नयनका लागि आ-आफ्नो वैचारिक आवश्यकता अनुरूपको विधि निर्माणको प्राथमिकता ती दलको आन्तरिक संरचनाबाट निःसृत हुने उपक्रम ठप्प छ । राजनीतिक दलहरूले चुनावी घोषणापत्र लेखन वा अन्य कुनै गम्भीर दस्तावेज तयार गर्नुपरेमा बौद्धिक खेतालाहरूलाई जिम्मेवारी दिने गरेका छन् । यो भूमिका स्वीकार गर्ने बौद्धिकहरूले आफ्नो विवेक र बौद्धिक स्वतन्त्रता प्रयोग गर्ने क्षमता राखेको देखिँदैन । मुलुकका समस्याहरूको गाम्भीर्य र तिनको समधानका लागि आवश्यक विधि, कार्ययोजना र इच्छाशक्तिसहितको इमानदार प्रतिबद्धता ती दस्तावेजहरूमा समाविष्ट हुने सम्भावना असाध्यै कम छ । समस्याहरूको भित्री चुरोमा पुगेर समाधानहरू प्रस्ताव गर्नुको साटो आफ्नो दलको नेतृत्वले चुनाव जित्नका लागि जे आवश्यक भएको ठान्छ, त्यही लेखोट गर्ने बौद्धिक भाट प्रवृत्ति मौलाएको छ । खास विषयका विज्ञसँग लिइएका धारणाहरूलाई पनि सुविधा अनुसार तोडमरोड र काटछाँट गरेर घुसाइने गरेको छ ।

यो चुनाव पनि अपेक्षित बौद्धिक हस्तक्षेपका यी सबै कसीमा परम्पराभन्दा फरक हुन सकेन । मुलुकको भविष्यलाई सीधै चुनौती दिइरहेका गम्भीर मुद्दाहरूमाथि सके सबै दलको साझा समाधान, नसके चुनावी गठबन्धन गरेका दलबीचको साझा कार्यक्रम र त्यति पनि हुन नसके एकल दलकै भए पनि ती दिनानुदिन जटिल बन्दै गएका र दूर क्षितिजमा पनि समाधान नदेखिएका राष्ट्रिय समस्याहरूको समाधानको बाटो सुझाउनु आवश्यक थियो । यसमा दलहरू नराम्ररी चुकेपछि बौद्धिक जगत्ले मतदातामा मुद्दाहरूमा आधारित सुझबुझ अभिवृद्धि गराउने अभियानमार्फत जनमतलाई समग्र राष्ट्रहिततर्फ अभिप्रेरित गर्नु अपरिहार्य थियो । खास गरी मुलुकको शिक्षा, सुशासन र समृद्धिका तीनवटा पक्षमा उल्टो बाटामा तीव्र गतिमा भइरहेको यात्रालाई रोक्ने र सके सुधार पनि गर्ने प्रस्तावना नै कुनै निर्णायक दलको घोषणाले प्रस्टसँग नसमेटेपछि त्यसको तथ्यगत बौद्धिक प्रतिवाद हुन नसक्नु मुलुकको भविष्य वास्तवमै संकटापन्न भएको प्रमाण हो ।

## १. शिक्षा

नेपालको खास गरी विश्वविद्यालय तहको शिक्षा सम्पूर्ण रूपले थला बस्ने अवस्थामा आइपुग्दा सबभन्दा बढी चासो र चिन्ता बौद्धिक जगत्ले नै राख्नुपर्ने हो । उच्च शिक्षा दिने शैक्षिक संस्थाको संख्या २० को हाराहारी पुग्दा 'प्लस टु' उत्तीर्ण गर्नेहरूको संख्या वार्षिक २ लाख हाराहारी झरेको छ । तीमध्ये आधाभन्दा बढी उच्च अध्ययनमा जाँदैनन् भनेर मान्ने हो भने, एउटा शैक्षिक संस्थाको भागमा औसत ५ हजार विद्यार्थी भर्नाका लागि आउने अनुमान गरौं । त्यो संख्या पनि सानो आकारका विश्वविद्यालयहरूका लागि ठीकै हुँदो हो । तर वार्षिक सवा लाख विद्यार्थी पढ्नकै लागि विदेश गइरहेका छन् । अध्ययन सकेर फर्कनेको संख्या शून्य बराबर छ ।

नेपालका सबै उच्च शिक्षाप्रदायक संस्थाहरूमा यही कराण विद्यार्थीको चरम अभाव हुन थालेको छ । यो सम्पूर्ण शैक्षिक प्रणाली छिट्टै धराशायी हुने संकेत त हुँदै हो, शिक्षा नै मुलुकको विकासका लागि आवश्यक सीपयुक्त जनशक्ति; नैतिक, राष्ट्रप्रेमी एवम् जिम्मेवार नागरिक उत्पादनको पूर्वसर्त भएकाले यसमा निर्णायक र तत्काल हस्तक्षेप भएन भने, मुलुकले अहिले भोगिरहेको सर्वाङ्गीण दुरवस्थामा सुधार आउँदैन ।

त्यसैले, जिम्मेवार दलहरूका घोषणापत्रमा नेपालमा उच्च शिक्षा पढाइ नहुने विषय अध्ययन गर्न विदेशी मुद्रा सटही लिएर वा विदेशबाट छात्रवृत्ति पाउनेले मात्र विदेश पढ्न जान पाउने व्यवस्थाको घोषणा गराउन तिनलाई सूत्रबद्ध गर्न खटिएका बौद्धिकहरू सक्षम हुनुपर्थ्यो । साथमा, गुणस्तरलाई सुधार्न उत्तिकै निर्मम निर्णय गर्नु आवश्यक छ । विदेशी राम्रा विश्वविद्यालयमा पढेका नेपाली वा विदेशी शिक्षक-प्राध्यापकहरूलाई उदारतापूर्वक स्वागत गर्ने र शैक्षिक पूर्वाधारमा लगानी गर्ने राजनीतिक प्रतिबद्धताले मात्रै सुधारको आरम्भ गर्न सक्छ । 'ट्रेड युनियन' सिफारिसको विकल्पमा योग्यता पद्धति (मेरिटोक्रेसी) को कदर गर्ने परिपाटी बसाउने अग्रणी चासो बौद्धिकहरूबाटै अपेक्षा गरिनु स्वाभाविक हो । सार्वजनिक पदमा बस्नेहरूले आम्दानीको स्रोत नदेखाई छोराछोरी विदेश पढाउने अभ्यासमा सम्पूर्णतः रोक लगाउनु अब अपरिहार्य छ । चिकित्सा, आईटी र इन्जिनियरिङ शिक्षा पूर्णतः नाफाखोरहरूको पन्जामा परेको छ । त्यसलाई तोड्ने इमानदार वाचा चाहिएको छ । अंग्रेजी माध्यममा विद्यालय शिक्षाको अवसर नपाउनेहरूका लागि यी विषयहरू 'वीरबलको खिचडी' सरह भइसकेका छन् । शिक्षा नीतिको आमूल सुधारबिना यी सुधारहरू सम्भव छैनन् । कुनै पनि दलले यसको प्रस्तावना गरेको छैन । यसको प्रतिवादसम्म पनि बौद्धिकहरूले गरेनन् ।

वस्तु उत्पादन गरेर छिमेकी अर्थतन्त्रका ठूला बजारहरूसँग प्रतिस्पर्धाको सम्भावना न्यून रहेकाले नेपाललाई उच्च शिक्षाको आकर्षक गन्तव्य बनाउने सम्भावनातर्फ ध्यान जान ढिला भएको छ । सस्तो शुल्क तिरेर अंग्रेजी माध्यममा उच्च शिक्षा लिन आतुर ठूलो चिनियाँ जनसंख्या र नेपालसँग आवतजावत सहज भएका भारतका छिमेकी राज्यका विद्यार्थीहरूलाई लक्षित गरेर पाठ्यक्रम र शैक्षिक पूर्वाधार विकास गर्ने अवसर नेपालले चुकाएको छ । शिक्षा आर्जनपछि राज्यले रोजगारी दिने अवधारणाबाट शिक्षाले नै स्वतः रोजगारी र स्वरोजगारी सृजना गर्ने स्वचालित पद्धति निर्माण गर्ने अवधारणा पनि घोषणापत्रहरूमा परेनन् ।

स्वास्थ्य क्षेत्रका समस्या र सम्भावना शिक्षाका भन्दा धेरै फरक छैनन् । अझ, मुलुकको राजनीतिक बहसको केन्द्रभागमा रहिरहने चिकित्सा शिक्षाको प्रश्न त सीधै जनस्वास्थ्यको गुणस्तर र पहुँचसँग सम्बन्धित छ । नेपालका करिब आधा दर्जन, भारतसँगका सीमावर्ती, सहरमा ठूलो क्षमताका स्तरीय अस्पताल र मेडिकल एवम् प्राविधिक शिक्षालयहरूको स्थापनाले स्वास्थ्य र शैक्षिक पर्यटनका असीमित ढोका खोल्ने सम्भावनाको पहिचान वर्षौंपहिले नै भएको हो । ती विषयले यस पटकका चुनावी प्रतिबद्धताहरूमा पनि प्रस्ट र यथेष्ट स्थान पाएनन् ।

## २. सुशासन

सुशासनलाई अनेकौं आयाममा बुझ्न र विश्लेषण गर्न सकिन्छ । एकातर्फ मुलुकको संविधानले परिकल्पना गरेको शासकीय स्वरूपको सबलीकरण र अर्कातर्फ सार्वजनिक सेवाप्रदायमा सहज पहुँचलाई सुनिश्चित गर्न सके सुशासन स्वतः प्रत्याभूत हुन्छ । तर, यी दुवै अहिले खण्डित अवस्थामा छन् । उपल्लो तहमा राजनीतिक अपराधीकरणको घना छाया परेको छ । सबै दलका उच्च नेतृत्वलाई आफूले आर्जन नगरेको, स्रोत नखुलेको र कर नतिरिएको आम्दानीमा ठाँट-रवाफको जीवनयापन गर्ने कुलत लागेको छ । सेवाप्रदायका सबै तहमा भ्रष्टाचार व्याप्त छ । नागरिकले घरदैलोमा पाउनुपर्ने सेवा पाउन ठूलो कष्ट बेहोर्नु र मूल्य चुकाउनुपरिरहेको छ ।

बौद्धिक भनिन रुचाउने वर्ग यस्तो भ्रष्टाचारको साङ्लोमा नजोडिनुपर्ने हो । आफूहरूले सबै ऊर्जा खन्याएर देवत्वकरण गरेका राजनीतिकर्मीहरूमध्ये को कति भ्रष्ट र शुद्ध छ भन्ने भेउ पाउन, परख गर्न पनि बौद्धिकहरूले नै सबभन्दा राम्ररी सक्दा हुनन् । तर, त्यसको झल्कोसम्म पनि यस पटकका घोषणापत्रहरूमा पाइएको छैन । सबै तहका सार्वजनिक पदमा बस्नेहरूले वैध आम्दानीको स्रोत बराबरभन्दा बढी जम्मा गरेको सम्पत्ति स्वतः राष्ट्रियकरण हुने प्रस्ताव गर्न कुनै दलले सकेन । भ्रष्टाचारभन्दा बढी सबै प्रकृतिका अपराधमा दण्डहीनता चरममा छ । जनतालाई यो सबै अनुभूति छ । त्यसको आक्रोश राजनीतितिर मात्रै होइन, आफूलाई बौद्धिक भनाउने तर विवेकको स्वतन्त्र प्रयोग नगर्नेहरूतिर पनि सोझिएको छ ।

## ३. समृद्धि

समृद्धि एक सापेक्ष शब्द हो । यसले मनोवैज्ञानिक भलाइ (साइकोलोजिकल वेलबिइङ) देखि प्रतिव्यक्ति आय, जीवनस्तर, भौतिक पूर्वाधारहरूको उपलब्धता र विकासका अन्य सूचकहरूसम्मको प्रतिनिधित्व गर्न सक्छ । तर यी सबैका लागि पूर्वसर्त चाहिँ समान छ- उत्पादकत्वकेन्द्रित आर्थिक प्रभावकारिता (इकोनोमिक इफिसियन्सी) । नेपालमा यथार्थमा वस्तुहरूको उत्पादकत्व शून्य र सेवाहरूको उत्पादकत्वको लगभग सम्पूर्ण हिस्सा आयातित वस्तुहरूमा आधारित छ ।

नेपालको अर्थतन्त्र झन्डै ७९ प्रतिशत छाया वा अवैध छ । उदाहरणका लागि, २०६८ सालको जनगणनाले नै ५३.९ प्रतिशत जनता पक्की घरमा बसोबास गर्ने देखाएको थियो । यो संख्या विगत दस वर्षमा उल्लेख्य बढेको छ जुन २०७८ सालको जनगणनाको परिष्कृत तथ्यांक आएपछि यकिन होला । अहिले ३२ लाखभन्दा बढी सवारीसाधन दर्ता छन् । तर स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि करमा दर्ता हुनेको जम्मा संख्या ५३ लाख पुगेको देखिए पनि वास्तविक प्रत्यक्ष कर तिर्नेहरूको संख्या १५ लाख हाराहारी मात्रै छ । यो ठूलो विडम्बना हो । पक्की घर बनाउने र सवारी साधन खरिद गर्ने हैसियतको आम्दानी हुनेहरू पनि करको दायरामा छैनन् । सामान्यतः धेरैको जीवनस्तर देखिने आम्दानीका तुलनामा धेरै माथि छ । घरजग्गा लगायतमा सट्टेबाजी (स्पेकुलेटिभ) प्रकृतिको लगानी अत्यधिक छ । तिनमा मूल्य नियामकहरू छैनन् ।

यो अवैध अर्थतन्त्रलाई वैध बनाउने कार्ययोजना कुनै दलको घोषणापत्रले प्रस्तुत गरेन । अर्थशास्त्री र विज्ञहरू नेपाल कुल गार्हस्थ्य उत्पादनको २५ प्रतिशत बराबर कर उठाउने मुलुक हुनु आफैं उच्च करको दरको संकेत हो भनेर उम्किरहेका छन् । एकतिहाइ अर्थतन्त्र बाँकी ६ पेजमा

## रोचक/प्रेरक प्रसङ्ग

# के मानिसले घाँस खानसक्छ ?



घाँसपात आमरुपमा विषालु हुँदैन । गाइवस्तुको खानेकुराका लागि यसको सबैभन्दा धेरै हुन्छ । घाँसपातले पशुहरुलाई पोषक तत्वको का मगर्दछ । तर मानिसको पाचन क्रियामा घाँसको पोषक मूल्य कम हुन्छ । आखिर खाँस जस्तै हरिया उपजहरु मानिसले किन पचाउन सक्दैन त ? वास्तवमा घाँसमा केही यस्ता उच्च सघनतायुक्त पदार्थ हुन्छन् जसलाई मानिसले पचाउन सक्दैन । घाँसमा लिगनिन, सेलुलोज तथा अर्गानिक पोलिमर हुन्छन् जसले वनस्पतीको कोशिकाहरुको निर्माणमा सहयोग गर्दछन् ।

लिगनिनका कारण वनस्पतीलाई मजबुत स्वरुप मिल्दछ । यो एक कडा रासायनिक पदार्थ हो जसलाई पचाउन गाह्रो पर्दछ । घाँसमा यो तत्व सबैभन्दा धेरै पाइन्छ । यद्यपि कतिपय अध्ययनमा यस्ता प्रमाण पनि प्राप्त भएका छन् कि हाम्रो पेटमा लिगनिनलाई विच्छेदन गर्नसक्ने ब्याक्टेरिया पनि रहेका हुन्छन् । तर, पूर्णरुपमा भने होइन । किनकी घाँसलाई पूर्णरुपमा तोडेर पचाउन लायक बनाउने इन्जाइम हाम्रो सरीरमा हुँदैन । हाम्रो सरीरले सेलुलोज पनि पचाउन सक्दैन । त्यसैले यो पदार्थ पनि पेटमा पूर्ण रुपमा टुक्रिँदैन । यो दिसा हुँदै बाहिरिन्छ आफ्नो पूरानै स्वरुपमा । यसकै कारण हाम्रो दिसाले एक आकार ग्रहण गरेको हुन्छ ।

हामीले खाने सागपात तथा फलफूलमा पनि सेलुलोज तथा लिगनिन हुन्छ । तर त्यसको मात्रा निकै कम हुन्छ र मानिसले त्यसलाई पचाउन सक्दछ । यसले हाम्रो पाचन क्रियालार्य पनि सन्तुलित बनाउँदछ । चौरमा पलाउने घाँसमा चाहीँ धेरै पानी तथा लिगनिन हुन्छ । तर, गाजमा यो केवल एक देखि दुई प्रतिशत सम्म हुन्छ जुन खानयोग्य फाइबर हो, जसलाई सेलुलोज भनिन्छ । बाँकी कार्बोहाइड्रेट हुन्छ, त्यसैले हाम्रो सरीरले गाजर पचाउँदछ ।

### गाइवस्तुले किन घाँसलाई चपाइरहन्छन् ?

गाई, बाख्रा, भेँडा, भैँसी, जिराफ लगायतले सजिलैसँग घाँस पचाउँदछन् । उनीहरुको पाचन प्रक्रियालाई रुमिनेसन भनिन्छ । यी जनावरहरुको पेट विभिन्न हिस्सामा बाँडिएको हुन्छ यी सबै जीवले घाँसले धेरै पटक चपाउँदछन् र निल्दछन् । जुन हिस्सा निलिँदैन त्यसलाई पुनः चपाएर निल्दछन् । यसो गर्दा ती जनावरको पाचनमा सुधार हुन्छ । यसरी मज्जाले चपाएको घाँस जब विभिन्न हिस्सामा बाँडिएको पेटमा पुग्दछ, तब सजिलैसँग पच्दछ । साथै गाईवस्तुको पेटमा यस्तो ब्याक्टेरिया हुन्छन्, जसले घाँसलाई पचाउन सहयोग गर्दछ ।

### पेटमात्र हैन दाँतका लागि पनि हानिकारक हुन्छ घाँस

मानिस तथा अन्य विभिन्न जिवहरुको पेट भन्दा गाईवस्तु तथा भेडाबाख्रा पेट निकै निकै जटिल हुन्छ । घाँस हाम्रो पेटमा न त पच्दछ, न त ठीक नै हुन्छ । यदि तपाइँले घाँस खाने कोसिस गर्नुभयो भने दाँतलाई नै हानी पुग्दछ । किनकि घाँसमा सिलिकाको मात्रा धेरै हुन्छ । यसले दाँतलाई झारिदिन सक्दछ । दाँतमा क्षति पूराएर तपाइँले जेनतेन घाँस निल्नुभयो भने यसले पेटमा पनि असर गर्दछ । अपच हुने मात्र होइन यसले कुपोषणको जोखिम पनि बढाउँदछ ।

तर कुनै पनि घाँस खान हुँदैन भन्ने चाहीँ होइन । खाँसका केही यस्ता प्रजाति छन् जसलाई खान सकिन्छ, पचाउन सकिन्छ । ती घाँसबाट मानिसले पोषक तत्व पनि लिन सक्दछ । इण्डियन राइस ग्रास, नटग्रास, बिस्टल ग्रास, टिमोथी ग्रास, व्हीट ग्रास, बार्ले ग्रास, केनरी ग्रास, क्र्याब ग्रास, शोरगम तथा वाइल्ड ओट घाँस मानिसले खान र पचाउन सक्दछ । **अनलाइन खबर**

# डेंगु...

मानिस हुन् ।

*हामीकहाँ बिरामी परेको बेला यो खानुपर्छ, त्यो खानुपर्छ भनेर सम्झाउने मानिसहरूको कमी छैन, तर ल' यो खाउ भनेर अगाडि राखिदिने मानिस ज्यादै कम भेटिन्छन् । जसले अगाडि राखिदिन्छन् ती तपाईंका नजिकका मानिस हुन् ।*

घर-घरमा, टोल-टोलमा मानिसहरू बिरामी हुँदा स्थानीय निकायको भूमिका के हो ? यो विषयमा पनि अब खोजी हुनुपर्छ । आफ्नो वडामा कति मानिस बिरामी छन्, कति रिकभर भए, कतिलाई तंग्रिन गाह्रो भएको छ? कति खान पाउने अवस्थामा छन्, कतिलाई छाक टार्न गाह्रो छ यस्ता कुराको लेखाजोखा स्थानीय निकायले गर्नुपर्छ । घर-घरमा, टोल-टोलमा डेंगु नियन्त्रणका लागि मच्छड मार्ने, टोल सफा राख्ने अभियान पनि स्थानीय निकायले गर्न सक्छ ।

जिन्दगीको सबैभन्दा ठुलो त्रास मृत्यु हो । मृत्युको भय नहुँदो हो त मानिसलाई महामारी या कुनै पनि बिरामी अवस्थाको मतलबै हुने थिएन । महाभारतमा यक्षले युधिष्ठिरलाई गरेका प्रश्नहरूमध्ये एक थियो- सबैभन्दा ठुलो आश्चर्य के हो ? जवाफमा युधिष्ठिरले भनेका छन्, मृत्यु जीवनको अन्तिम सत्य हो तर मानिसहरूलाई आफ्नो जीवनको अन्तिम सत्य मृत्यु हो भन्ने लाग्दैन त्यो नै सबैभन्दा ठुलो आश्चर्य हो । अहिलेका जस्ता महामारी आए पनि नआए पनि मानिसको जीवनमा मृत्यु अपरिहार्य छ । त्यसैले मर्नुअघि मानिसले बाँच्नु आवश्यक हुन्छ । बाँच्नका लागि राज्यको नागरिकप्रतिको कर्तब्य र आफूवरिपरिका मानिसहरूको साथले महत्व राख्छ । राज्यले घोषणा नगरे पनि डेंगुले महामारीको रूप लिइसकेको छ । अहिले डेंगु आयो, भोलि अरु नै रोग आउला आफ्ना नागरिकको सुरक्षा राज्यको दायित्व हो । **घटना र विचार**


## नगरपालिकावासिलाई अनुरोध

लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं । वातावरणमैत्री गाउँपालिका बनाउन प्रतिवद्ध वनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । नगरपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक : प्यूठान नगरपालिका विजुवार प्यूठान

## गाउँपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्ज्वल भविष्यको लागि आजैदेखि सोचौं ।

अनुरोधक : मल्लरानी गाउँपालिका खलंगा, प्यूठान

## गाउँपालिकाबासीलाई अनुरोध

लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा नि:शुल्क दर्ता गरौं ।

अनुरोधक
नौबहिनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, बाहने प्यूठान

झुलेनी पोष्ट साप्ताहिक
समाचार, सूचना, विचार र विज्ञापन प्रकाशनका लागि हामिलाई सम्पर्क: ०८६-५९०४३६
Email : jhulenipyuthan@gmail.com

# रोचक बन्दै...

पार्टी (नेकपा) को केन्द्रीय प्रचार तथा प्रकाशन विभागको उपप्रमुख, २०७७ २०७२ मा केन्द्रीय प्रचार तथा प्रकाशन विभाग उपप्रमुख, २०७८ २०७९ मा प्रेस चौतारी नेपालको इन्चार्ज उल्लेखित जिम्मेवारीहरुमा रहँदा उहाँले कुशलतापूर्वक कार्य सम्पादन गर्नुभएकोले नै आजको स्थापित व्यक्तित्व निर्माण भएको छ कुशल लेखक, कुशल सम्पादक समाजशास्त्रमा स्नातकोत्तर सूर्य थापाले र व्यवस्थापन र कानुनमा स्नातक तहसम्म अध्ययन गरेका छन् ।

नेपाल प्रेस इन्स्टिच्युसबाट पत्रकारितामा डिप्लोमा तालिम लिएका उनले विभिन्न विधाका आधा दर्जन कृतिहरु लेखेका छन् । तीमध्ये विश्वमा राजतन्त्र उत्थान, पतन र भविष्य, नेपालमा राजतन्त्र र दलहरुबीचको संघर्ष, राजतन्त्रको अर्थराजनीति, नेपालमा गणतन्त्रको स्थापना र राज्यको पुनःसंरचना लगायतका कृतिहरु चर्चित छन् । उनले दर्जनभन्दा बढी पुस्तकहरु सम्पादन गरेका छन् । तीमध्ये केही हुन – तुल्सीलाल अमात्यको जीवनयात्रा : अविश्रान्त राजनायक, यदु गौतमको जीवनयात्रा र स्मृतिमा आधारित पुस्तक : सलाम सहयोद्धा, संसदमा गर्न गर्नुभएका सम्बोधनहरुको संग्रह : संसदमा मदन भण्डारी (विचार संग्रह), व्यक्तित्वमा आधारित पुस्तक : संघर्षशील योद्धाहरु, युवा आन्दोलन र अनुभव, साहित्यकार अग्निशिखाको जीवनयात्रा : सलाम कलमयोद्धा, मदन भण्डारी संकलित रचनाहरु (सात भाग), मदन भण्डारी : छानिएका रचनाहरु, :adan Bhandari : Selected Works, नेपालमा पर्यटन : विकास र समृद्धिको आधार ।

## पत्रकारिता यात्रा

स्पष्ट वक्तासँगै सूर्य थापामा स्पष्ट लेख्ने क्षमता रहेको छ । २०४९ मा पत्रकारिता थालेदेखि उनले विभिन्न सञ्चार माध्ययमहरुमा नेतृत्वदायी भूमिकामा रहेर पत्रकारिता क्षेत्रमा योगदान पुर्याएका छन् । पार्टीका प्रकाशन देखि सरकारी र निजी क्षेत्रका सञ्चार माध्ययमहरुसम्म उनले योगदान गरेका छन् । त्यस्ता मिडियाहरुमा संवाददातादेखि प्रधानसम्पादक र प्रकाशकसम्मको अनुभव हाँसिल गरेका छन् । उनले अनुभव संगालेका प्रमुख मिडियाहरु हुन्- अभिमान त्रैमासिक, दृष्टि साप्ताहिक, बुधबार साप्ताहिक, नवयुग मासिक घटना र विचार कार्यक्रम (रेडियो नेपाल), परिवेश कार्यक्रम (रेडियो नेपाल), रातो फूलबारी स्मारिका आदि अहिले पनि पत्रपत्रिकाहरुमा लेख रचनाहरु लेखिरहन्छन् । लेखनसंगै पत्रकारिताको संस्थागत विकासमा पनि योगदान छ । उनी २०५७-०५९ मा प्रेस चौतारी नेपालको केन्द्रीय सचिव भएका हुन् । २०६२-०६५ मा नेपाल पत्रकार महासंघको केन्द्रीय सदस्य निर्वाचित भए । २०६१-०६५ मा साप्ताहिक-पाक्षिक पत्रिका संघर्ष सञ्जालको केन्द्रीय सचिव भएर शाही निरंकुशता विरुद्धको आन्दोलनमा कुशल क्षमता प्रदर्शन समेत गरेका थिए ।

## राजकीय जिम्मेवारी

सूर्य थापाले नेपालको राजकीय क्षेत्रको पनि उत्तिकै र गज्जवको अनुभव हाँसिल गरेका छन् । २०६१ सालमा उहाँ तात्कालीन उपप्रधानमन्त्री भरतमोहन अधिकारीको संचार परामर्शदाता (सल्लाहकार) भएका थिए । २०६७-०६८ सम्म तात्कालीन प्रधानमन्त्री झलनाथ खनालको प्रेस सल्लाहकार थिए । २०७६ देखि २०७८ सम्म तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको प्रेस सल्लाहकार रहेर काम गरेका हुन् । ती सबै अवधिमा उनले महत्वपूर्ण अनुभव संगाले र अनेक परिणाममुखी योगदान समेत गरेका छन ।

## सम्मान तथा पुरस्कार

जीवनमा सूर्य थापाले विभिन्न पुरस्कार प्राप्त गरेका छन । उनी २०५२ मा सामाजिक विकास सम्बन्धी विश्व शिखर सम्मेलन (कोपेनहेगन) को बारेमा आयोजित राष्ट्रिय निबन्ध प्रतियोगितामा प्रथम भएका थिए । २०५९ सालमा यदु स्मृति पत्रकारिता पुरस्कार र २०७६ सालमा कृष्णसेन इच्छुक स्मृति पत्रकारिता पुरस्कार प्राप्त गरेका थिए ।

## विकासप्रेमी नेता

जिल्लाको अति दुर्गम र सीमावर्ती गाउँमा जन्मिएका कारणले पिछडिएका गाउँ र क्षेत्रहरु प्रति उनको विशेष चासो र ध्यान पुग्ने गरेको छ । चाहे अर्खामा मोटरबोटो पुर्याउन होस् वा स्वर्गद्वारी धामसम्मको सडक निर्माणलाई सफल पार्न निणर्यक रुपमा बजेट विनियोजनको नेतृत्व गरेका हुन । मदन भण्डारी राजमार्ग (एन एच नाइन) र मदन भण्डारी (एन एच नाइन्टिन) ले प्यूठानलाई छिचोल्ने गरी रेखाङ्कन टुंग्याउन उनले महत्वपूर्ण भूमिका खलेको विदितै छ । झुलेनी, लिस्ने भञ्ज्याङ हिल स्टेशनको पूर्वाधार विकासमा उनको अगुवाई स्पष्ट छ । र, स्वर्गद्धारी गौमुखी पदमार्गको खाका कार्यान्वयनमा पहलकदमीमा थुप्रै कामहरु सम्पन्न भएका छन् । पर्यटनमा आधारित विकास प्रक्रियाको लागि उनको पहलमा थुप्रै गन्तव्यहरुको विकास र प्रवर्द्धन कार्य अघि बढेको स्पष्टै छ । जबकी उनी जनप्रतिनिधिको भूमिका लागि पहिलो पटक प्रतिनिधि सभा सदस्यको उम्मेदवारका रुपमा प्रस्तुत भएका हुन । काठमाण्डौंमा रहँदा प्यूठान विकास मञ्चको अध्यक्षका हैसियतमा विभिन्न पक्षबीच समन्वय र सहकार्यको उनले नेतृत्व गर्दै आएका छन् ।

## को हुन् दुर्गा पौडेल ?

२०२८ असोज ५ गते कपिलवस्तुमा जन्मिएकी दुर्गा पौडेलको स्थायी ठेगाना झिमरुक गाउँपालिका-५ ओखरकोट, प्यूठान हो । नेकपा (मसाल) का महासचिव मोहनविक्रम सिंहसँग २०५७ मा वैवाहिक सम्बन्धमा बाँधिएकी उनी स्नातकोत्तरसम्मको अध्ययन गरेकी छिन । २०४० सालमा अनेरास्ववियुबाट राजनीतिमा आवद्ध उनले अखिल नेपाल महिला संघको कोषाध्यक्ष, उपाध्यक्ष र अध्यक्षसम्मको जिम्मेवारी सम्हालिसकेकी छन् । हाल राष्ट्रिय जनमोर्चाको उपाध्यक्ष रहेकी पौडेल २०७० को दोस्रो संविधानसभामा समानुपातिक सभासद र २०७४ मा वाम गठबन्धनको समर्थनमा प्यूठानबाट निर्वाचित प्रतिनिधिसभा सदस्य हुन् । उनी २०५६ को आम निर्वाचनमा कपिलवस्तु र २०६४ को पहिलो संविधानसभा निर्वाचनमा काठमाडौं १ बाट उम्मेदवार भएकी थिइन । मुख्यतः कांग्रेस, माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी) को साथ पाएकाले पौडेलको लागि सहजता थपिएको छ । एमालेको बलियो संगठन र एकताबद्ध चुनावी अभियान भने उनको लागि प्रतिकूलता हो ।

## यस्तो छ मतको आँकडा

गत स्थानीय तह निर्वाचनको नतिजामा एमालेको भन्दा सत्ता गठबन्धन ११ हजार मतले अगाडि छ । प्यूठानमा एमालेले कुल ३९ हजार ८७७ मत प्राप्त गरेको छ । जिल्लाका २० वटा वडा जितेको नेपाली कांग्रेसले २१ हजार ५६४ मत मात्रै पाएको छ । १० वटा वडा जितेको माओवादी केन्द्रले १७ हजार १६३ मत र १० वटा वडा जितेको राष्ट्रिय जनमोर्चाले १३ हजार ६१२ मत प्राप्त गरेको छ त्यसैगरी स्वतन्त्र उम्मेदवारले २ हजार ८५० मत, कुनै पनि वडा जित्न नसकेको नेकपा एकीकृत समाजवादीले १ हजार ४१७ मत पाएको थियो ।

# छोटकरी

## गोविन्द पोखेलको प्रश्न : नेपालमा यूवा किन बस्दैनन ?

भुलेनी पोष्ट,
प्यूठान

नेपाली कांग्रेसका नेता डाक्टर गोविन्दराज पोखेलले देशमा युवाहरु दिनप्रतिदिन विदेश पलायन हुन थालेको प्रति चिन्ता व्यक्त गरेका छन् । सहि राजनीतिक नेतृत्व नहुँदा मुलुकबाट लाखौं युवा वर्षेनी विदेशिन बाध्य भएको उनको भनाई छ ।

गठबन्धन दलले आयोजना गरेको चुनावी सभालाई सम्बोधन गर्दै डाक्टर पोखेलले मुलुकको शिक्षा राम्रो नहुँदा युवाहरु बेरोजगार हुनुपरेको बताए । नेपालमा थुप्रै रोजगारीको अवसर भएपनि त्यस खालको शिक्षा, ज्ञान नहुँदा भारतका व्यक्तिहरु नेपालमा आएर काम गर्ने गरेको उनको भनाई छ । राजनीतिलाई आर्थिक समुन्नती र सामाजिक शसक्तिकरणसँग जोडेर गर्नुपर्ने बताउँदै नीति र नेतृत्वको लागि मात्रै गरिने राजनीतिले मुलुकको विकास नहुने बताए । जनप्रतिनिधिले पाँच वर्षसम्म ध्यान दिएर नीति, कानुनु बनाउनुपर्नेमा जोड दिए । जनप्रतिनिधिको सार्वजनिक रुपमा सार्वजनिक परिक्षण गर्नुपर्ने समेत उनको भनाई छ ।

यसैबीच, गठबन्धनका तर्फबाट उम्मेदवार बनेका रास्ट्रीय जनमोर्चाका उपाध्यक्ष दुर्गा पौडेललाई भोट नमाग्ने बताएका काङ्ग्रेस नेता डा. गोबिन्दराज पोखेलले पौडेललाई मत मागेका छन् । मन्तव्यको अन्तिममा नेता पोखेलले गठबन्धनका उम्मेदवारलाई बिजयी बनाउन आग्रह गरेका हुन् । ०७४ को चुनावमा डाक्टर पोखेल पौडेलसंग पराजित भएका थिए ।



भुलेनी पोष्ट साप्ताहिक
समाचार, सूचना, विचार र विज्ञापन प्रकाशनका लागि हामिलाई सम्पर्क: ०८६-५९०४३६
Email : jhulenipyuthan@gmail.com

गाउँपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं ।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं ।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं ।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्वल भविष्यको लागि आजैदेखि सोचौं ।

अनुरोधक
गौमुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, लिवासे प्यूठान

जनहितमा जारी सन्देश

- फोहोर छोएपछि, खाना खानु वा खुवाउनु अघि, चपी प्रयोग गरिसके पछि सावुन पानीले हात धुने बानी बसालौं ।
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।
- घर भित्र र घर वरपर नियमित सरसफाई गरौं ।
- दिसा/पिसाब गर्दा चर्पी नै प्रयोग गरौं । खुल्ला ठाउँमा दिसा, पिसाब नगरौं ।
- कुहिने र नकुहिने फोहोर बर्गिकरण गरौं, २ छुट्टा छुट्टै भाँडामा संकलन गरौं ।
- सार्वजनिक सवारी साधनबाट यात्रा गर्ने क्रममा झ्यालबाट सार्वजनिक स्थल तथा सडकहरुमा कुनै पनि प्रकारको फोहोर जन्य पदार्थहरु जथाभावी फ्याँक्ने ।

अनुरोधक:
खानेपानी तथा सरसफाई डिभिजन कार्यालय परिवार प्यूठान

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमुलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

## घोषणापत्रमा भने खोक्रो आश्वासन

# डेंगु नियन्त्रणमा राजनीतिक नेतृत्व पूर्ण असफल



डा पदम नेपाली

स्वस्थ्य मन्त्रालय तथा डब्लुएचओको तथ्याङ्क अनुसार जनवरी २०२२ देखि सेप्टेम्वरसम्म डेंगुबाट पीडित नेपालीहरुको संख्या २८ हजारमाथि रहेको देखिन्छ। तर धेरै रेकर्डमा नआएका र सेप्टेम्वर देखि नोभेम्बर सम्मको उच्च संक्रमण दर हेर्दा अहिलेसम्म संक्रमितको संख्या २ लाख माथि पुगेको अनुमान गर्न सकिन्छ भने मृतकको संख्या ३-४ सय नै नाघिसकेको हुनुपर्दछ।

यो साल डेंगु नेपालको ७७ वटै जिल्लामा व्यापक रुपमा फैलिएको छ। काठमाडौं उपत्यकाको ३ वटै जिल्ला, हेटौंडा, चितवन लगायतका जिल्लामा यसको डरलाग्दो प्रकोप देखियो। म आफू हेटौंडामा कार्यरत रहेकाले यताको अनुभवमा के देखियो भने यहाँका हरेक व्यक्ति डेंगुको सङ्क्रमणबाट ग्रस्त भएका छन्। प्रत्येक घरमा डेंगु नलागेको मान्छे सायदै पाइन्छन्। अस्पतालमा अधिकांश बिरामी डेंगुले नै थलिएर आएका पाइन्छन्। अस्पतालका लगभग शत प्रतिशत चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीहरु सबै नै डेंगु बाट पीडित भएका छन्।

देशमा दशैं, तिहार र छठ जस्ता पर्वहरूको उमङ्गको छाइरहदा कतिपयको घर भने डेंगुले आफ्ना आफन्त गुमाउनु परेकाले शोकमा डुबेका थिए। मृतकको संख्या थोरै किन नहोस तर पीडित परिवारलाई त त्यसले सबैभन्दा धेरै पीडा दिने गर्दछ। चाडपर्वमा परिवारमाथि आफन्त गुमाउनुको वज्रपात कम्ति पीडादायी हुँदैन भन्ने कुरा भोग्नेलाई बाहेक अरुलाई कमै अनुभूति हुने गर्दछ। तर जनताको मृत्युलाई सामान्य कुकुर बिरालोको मृत्यु जस्तै हल्का लिने र संवेदनहीन हुने सरकार हुनु हाम्रो नियति र विडम्बना हो। अझ यही समय जनतालाई यस्तो गर्छौं र उस्तो गर्छौं भन्दै भोट माग आएको देख्दा उनीहरूले जनतालाई बेस्सरी गिज्जाएको जस्तो अनुभूति हुन्छ।

डेंगु आफैंमा निकै जटिल रोग हो । तथ्याङ्क अनुसार १-५ प्रतिशत डेंगुको बिरामीको मृत्यु हुने सम्भावना रहन्छ। मृत्यु नभएका विरामीहरुमा पनि निकै सिकिस्त पार्ने लक्षण र समस्याहरु देखिने गर्दछन्। अधिकांस बिरामीमा उच्च ज्वरो आउनुक साथै टाउको, आँखाको गेडी, जिउका सम्पूर्ण जोड्नीहरु र मांसपेसी सहनै नसक्ने गरि दुख्ने समस्या देखिने पाइयो। बिरामीमा अत्याधिक थकान र शिथिलताले सुतेको ठाउँबाट उठ्न समेत नसक्ने हुन्छन। त्यसको अलावा वान्ता हुने, झाडा पखाला लाग्ने, खान मन नलाग्ने, मुख तीतो हुने जस्ता अधिक समस्याहरूले बिरामीहरु हरेश खाने अवस्थासम्म पुग्दछन्। रोग लागेकै अवस्थामा धेरै जनाले मर्छु कि के हो भन्ने सम्मको कमजोर आत्मबलको अवस्थामा पुगेको अनुभूति साट्छन्। शरीरमा पानीको मात्रा कम हुने, रगतका विभिन्न तत्वहरू कम हुँदै ज्यानै जाने सम्मको संभावना देखियो। संक्रमणले उच्च रूप लिँदा अस्पतालमा बिरामीले बेड समेत पाएनन। एकपटक विरामी भइसकेपछि थला परेर १० देखि १२ दिनसम्म आफ्नो दैनिक काम र रोजगारीमा संलग्न हुन सक्दैन। यसले गर्दा व्यक्तिगत तथा राष्ट्रिय काम तथा आम्दानीमा ठूलो नोक्सान पुगेको छ।

तर जनता यता रोगले ग्रस्त हुँदा दलका नेताहरु भने देश लुट्न आफ्नो भागमा कति सिट पाउनुपर्ने भन्दै हिसाब किताब र भागवण्डामा व्यस्त रहे। डेंगुले जनता यो हदसम्म ग्रस्त छन भनेर उनीहरूले जानकारी समेत राखेनन्।जनता उनीहरूको प्राथमिकतामा पर्दैनन भन्ने कुरा फेरि एकपटक प्रस्ट पारे। मिडिया लगायतमा पनि यो प्रकोपले पाउनुपर्ने जति चर्चा र महत्व पाएन। धेरै मानिस गुमनाम मरिरहे । लमजुङ्की एक सञ्चारकर्मी र प्रदेश १ का बाहलवाला प्रदेश मन्त्रीको मृत्युको खबरले मात्र राष्ट्रिय स्तरमा चर्चा पायो। न मीडिया न त सरकारले नै जनताको ज्यान गइरहँदा चासो देखाए। तर चुनाव आउने बित्तिकै राजनीतिक दललाई जनताको स्वास्थ्यप्रति निकै चासो रहेको जस्तो देखाउन तल्लीन हुन्छन। सहज उपचार, निशुल्क सेवा लगायत अनेकौं बुँदाहरू घोषणापत्र मार्फत सार्वजनिक गरेका छन, जुन केही दिनमै पानीको फोका झै उनीहरूको कल्पनाबाट नै अलप हुनेछ।

हेटौंडातिर नै मेरो जानकारी अनुसार २३ वर्ष, ३२ वर्ष लगायतका भर्खर उमेरकासमेत गरेर सबै उमेर समूहका धेरै मान्छेले डेंगुको कारण ज्यान गुमाउन पुगे। मलगायत मेरा धेरै साथीहरु डेंगुबाट ग्रसित भइ १०-१२ दिन थला परेर बल्ल बल्ल उठ् यौं। देशको स्वास्थ्य प्रणालीले भन्दा पनि आफ्नै प्रतिरक्षा प्रणाली र भगवानको कृपाले बाँच्नेहरु बाँचेका छन। जनताको स्वास्थ्यमा यतिको ठूलो जोखिम पर्दा समेत सरकारले यसलाई हलुकै रुपमा लियो। चाहे केन्दीय सरकार होश, त चाहे प्रदेश वा स्थानीय, सबैजना देशै तिहार लगायत भत्ता थाप्नमै रमाए। यसको रोकथाम र नियन्त्रणका निमित्त सरकारले कुनै पहलकदमी लिएन। बजारमा बरु सिटामोलको समेत अभाव भयो । डेंगु प्रकोप क्षेत्रमा लामखुट्टे नष्ट गर्ने, जमेको पानी नष्ट गर्ने, जमेको पानी नष्ट गर्न जनतासँग सहकार्य गर्ने, उपचारमा उपयुक्त कदम चाल्ने जस्तो सरकार भएको अनुभूति हुने कुनै कदम चाल्न सरकारले आवश्यक नै ठानेन। प्रकोप फैलिएको क्षेत्रमासमेत सरकारका काम शून्य देखियो।

मैले देखे अनुसार हेटौंडा कहिले कहीँ यसो लामखुट्टे नाश गर्ने औषधि छर्किएको जस्तो देखियो। तर त्यो क्रममा ती कर्मचारीहरू लामखुट्टे प्रभावकारी ढंगबाट नष्ट गर्ने भन्दा यसो रमिता देखाउँदै सडकमा चाँडो-चाँडो दौडिन व्यस्त थिए। गर्नुपर्ने त नाला, अलि लाम्खुट्टे हुने कुनाकाप्चा, छेउ भित्तामा औषधि हाल्नुपर्ने थियो। तर उनीहरू त यसो हालेको झै गरेर सडकमा दौडिँदै थिए। त्यो पनि जम्मा एकपटक देखिएको थियो जबकि प्रकोपजन्य क्षेत्रमा नियमित लामखुट्टे नष्ट गर्नुपर्थ्यो। अर्को कुरा सरसफाइलाई पनि निकै उपेक्षा गरिएको पाइयो। अनेक बाचा र प्रतिवद्धता गरेर भर्खर स्थानीय निकाय जितेका जनप्रतिनिधिहरु के गर्दै होलान भनेर उदेक लाग्छ। हेटौंडाकै कुरा गर्ने हो भने नालाहरुमा पानी बग्दैन, मात्र जन्दछ। किनकि नालभरी प्लास्टिक, बोरा, सिसा, काठ लगायत हज्जारौ फोहोर थुप्रिएको छन्। बसपार्क लगायत बजारका धेरै क्षेत्र फोहोरले अस्तव्यस्त छन। यसको अगुवाइ कसले गर्ने त? जनप्रतिनिधि, सरकार अनि स्थानिय निकायले हैन? की बागमती सरसफाइमा जस्तै अभियान्ता र लीलामणि पौडेलहरु आउनुपर्ने हो?

५-५ वटा दल मिलेर बनेको दललेसमेत जनताको बारेमा एक कदम नसोच्ने भएसी यी दल र नेताहरु देशमा दलाली गरेर आफू, आफन्त र नजिकका आसेपासे कार्यकर्ता पोस्न मात्र तल्लीन छन भन्ने कुरा बुझ्न गाह्रो पर्ने कुरै भएन। देशको सरकारी स्वास्थ्य संरचना अन्योलता र भद्रगोलमा छाडेर निजीलाई अनियन्त्रित छाडी नाफाखोर क्षेत्रको रुपमा विस्तार गरिएको छ। यसले गर्दा स्वास्थ्य सेवा सर्वसाधाणको पहुँच भन्दा निकै टाढा रहेको छ। नेताहरु आफ्नो देशको स्वास्थय सेवा अस्तव्यस्त पारेर आफ्नो उपचार गर्न भने विदेश धाउने गर्दछन। स्वास्थ्य क्षेत्रमा बढ्दो दलालीले गर्दा जनताको स्वास्थ्यलाई महत्वहीन सावित गरिएको छ। कानून नै बनाएर कुनै पनि नेता आफ्नो उपचार गर्न विदेश जान नपाउने व्यवस्था गरिने हो भने मात्र देशको स्वास्थ्य संरचना र सेवा सुदृढ हुन्छ। यसरी विदेश जाने नेताहरुलाई जनताले समेत भोट दिन बन्द गर्नुपर्दछ किनकि जनता देशमा उपचार नपाएर मर्ने तर नेता विदेशमा गएर उपचार गर्ने कुरा औचित्यपूर्ण हुँदैन।

अहिले चुनावी घोषणापत्रमा स्वास्थ्यमा यस्तो गर्छु, निःशुल्क उपचार, निःशुल्क औषधि, उपचार खर्च दिने, अस्पताल खोल्ने के-के कुरा हालेर फेरि दलहरुले जनतालाई बेवकुफ बनाउँदै छन्। हामी जनताले बुझ्न जरुरी छ कि यसरी डेंगुबाट जनता मर्दासमेत कुनै चासो र संवेदनशीलता नदेखाउने यिनीहरूको यो घोषणापत्र र प्रतिवद्धता केवल चुनाव जित्ने प्रपञ्च मात्र हो। जितिसकेपछि फेरि जनताकै स्वास्थ्य र जीवनमाथि किनबेच सुरु गर्नेछन् भन्न नसक्ने अवस्था छैन। आफ्नो प्रतिनिधि चुन्दा यिनीहरूको यो किसिमको चरम लापराहीको राम्रै हिसाबकिताब राख्नुपर्ने हुन्छ। र, फेरि पनि डेंगु नियन्त्रणमा चुस्त दुरुस्त भएर अगाडि नबढ्ने हो भने यसले अझै धेरै जनाको ज्यान लिने कुरा निश्चित छ। यो विषय सार्वजनिक चासोको विषय बनाइनुपर्दछ।

**(डा. नेपाली हेटौंडा अस्पतालमा कार्यरत छन्।)**

**-स्वास्थ्यखबर**

## बौद्धिक...

मात्र वैध गणनामा समेटिएपछि यो अनुपात यसरी अस्वाभाविक देखिने नै भयो । सामान्य उपभोगका वस्तुलगायत सम्पूर्ण आयात निर्भरता, अत्यन्त कम रोजगारी सृजना र आयातमा आधारित प्रतिगामी राजस्वबाहेक अन्य आर्थिक स्रोत वा लगानी नगण्यमा पुगेको अर्थतन्त्र उकास्ने कुनै आशालाग्दो कार्यक्रम कुनै पनि दलको घोषणापत्रमा उल्लेखसम्म छैन; अवैध अर्थतन्त्रलाई वैधताको परिधिमा ल्याउनु त धेरै परको कुरा भयो । बौद्धिकहरू पनि यस्ता गम्भीर विश्लेषणभित्र छिर्नुभन्दा भोट खसाल्ने रमाइलोमै बढी रुमलिएका छन् । जसरी दलहरू आ-आफ्ना विशिष्ट दार्शनिक आधार (फिलोसोफिकल अन्डरपिनिङ्स) सहितका घोषणापत्र सूत्रपात गर्नबाट चुकेका छन्, त्यसै गरी नेपालको बौद्धिक भनिने वृत्त पनि ती घोषणा, प्रतिबद्धता वा संकल्पहरूको वैचारिक झुकावको आग्रह र पूर्वाग्रहरहित समीक्षा गर्न उत्तिकै अक्षम र उदासीन देखिएको छ ।

**कान्तिपूर**

झुलेनी पोष्ट साप्ताहिक
विज्ञापन प्रकाशनका लागि सम्पर्क
०८६-५९०४३६
कार्यालय : प्यूठान न.पा.-४, विजुवार
Email : jhulenipyuthan@gmail.com

मल्लरानी वडा नं. ३ को अनुरोध
जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं। कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं । आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं। गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं। बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
मनोज कुमार जि.सी. सचिव
नोमराज पौडेल वडाध्यक्ष
एवं समस्त मल्लरानी गाउँपालिका ३ वडापरिवार, प्यूठान

मुटुलगायत स्वास्थ्य समस्याबाट बच्न:
-चिल्लो तथा वोसोयुक्त खानेकुरा नखाऔं।
-नियमित रुपमा शारिरीक व्यायाम गरौं।
-मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
-धुम्रपान र मद्यपान नगरौं।
स्वास्थ्य कार्यालय प्यूठान

# वोइलर कुखुरा पालन गर्ने विधि

-जानकारी (भाग १)



**पहिलो हप्ता (१ देखि ७ दिन)**

प्रति वर्ग फुट ४ वटा चल्ला हुनेगरी क्षेत्रफल दिने । प्रत्येक चल्लाको बाक्साबाट ४-५ वटा चल्लको तौल लिने र अभिलेख राख्ने । चल्लालाई खोरमा ल्याउनासाथ तुरुन्त ब्रुडिंग क्षेत्रमा छोडिहाल्ने ताकि चल्लाले छिटो भन्दा छिटो पानि पिउन सकून । छोड्दाखेरि पानीको भाँडा नजिकै लगेर छोड्ने र पानि खान उत्प्रेरित गराउने । चल्लाको चुचो पानीमा डोबेर चल्लालाई पानि खान उत्प्रेरित गराउन सकिन्छ । कुखुरामा स्वास–प्रस्वास सम्बन्धि समस्या बढी देखिने स्थानमा चल्लाको सुरुको १ देखि २ घण्टाको पानीमा आई.बिए.च. १२० भ्याक्सिन दिनु उपयुक्त हुन्छ ।

पानीको भाडो (चिक ड्रिङ्कर) को संख्या प्रति ४० चल्ला १ वटा भाडो हुनेगरी मिलाउने । गर्मीयाममा प्रति १०० चल्ला बराबर ३ वटा पानीको भाडो दिने, चल्लाले पिउने पानीमा इलेक्ट्रोलाईट मिसाउने । पानि पिउन सुरु गरेको २-३ घण्टा पछि मात्र दाना दिने । प्रि-स्टार्टर दाना दिने । दानाको भाँडा (चिक फिडर) को संखा प्रति ४० चल्ला बराबर १ वटा भाडो हुनेगरी मिलाउने ।

ब्रुडरको नजिकको तापक्रम ९०-९५ डिग्री फरेनहाईट र कोठाको तापक्रम ८०-८५ डिग्री फरेनहाईट हुनुपर्दछ । कुनैपनि हालतमा चल्लालाई स्वच्छ हावा चाहिन्छ । पानि र दाना भन्दापनि महत्वपूर्ण कुरा हो स्वच्छ हावा । आवश्यक तापक्रम कायम रहने गरी दुवैतर्फ माथिको पर्दा खोल्नुपर्दछ ताकि अधिक भन्दा अधिक मात्रामा हावाको आवत-जावत हुन सकोस् । अत्यधिक ठण्डी मौसममा पनि पर्दाको माथि कमसेकम १ फुट खुला रहोस् ।

दोस्रो, तेस्रो र चौथो दिन दैनिक ५-६ घण्टाको पानीमा डेनागार्ड (Denaguard) ४ ग्राम प्रति १००० चल्लाको दरले वा सोलुटिल (Solutyl) १० ग्राम प्रति १००० चल्लाको दरले वा टाइलोभेट (Tylovet) १ ग्राम प्रति ३ लिटर पानिको दरले ५-६ घण्टाको पानीमा दिने । चल्लालाई रानीखेत विरुद्धको बि-वान(B–1) भ्याक्सिन आँखामा १ थोपा, ५ देखि ७ दिनभित्र दिने। सकभर पाँचौ दिन मै दिने । सोत्तरको गहिराई कमसेकम डेढ इन्च हुनुपर्छ ।

चल्ला ह्याच भैसकेपछि फार्मसम्म आइपुग्दा केहि समय लाग्ने हुनाले डिहाईड्रेशन भई गाउट रोग देखिन सक्ने अधिक सम्भावना हुन्छ यो समयमा । गाउट रोग साथै फंगल (ढुसिजन्य) इन्फेकशन नहोस् भन्नाको लागि विशेष सावधानी अपनाउने । यो हप्ता प्रत्येक चल्ला दाना खपत १६० -१६५ ग्राम हुनुपर्दछ (कब-५०० को हकमा १६७ ग्राम) । दाना खेर नजाओस् भन्ने कुरामा सावधानी अपनाउने । समय(समयमा खोरमा कामदारलाई हिड्ने-डुल्ने गर्न लगाउने ताकि चल्ला दाना खान प्रेरित हुन् । रातिमा दाना खानको लागि पर्याप्त मात्रामा प्रकाश रहोस् ।

यति दाना खपत भैसकेपछि हप्ताको अन्त्यमा चल्लाको वजन करिब १८५ ग्राम आउनुपर्दछ (कब-५०० को हकमा पनि १८५ ग्राम) । मृत्युदर १ प्रतिशत भन्दा बढी नहोस् । भि-अक्स (V–Ox) वा वायो-बुस्टर (द्यष्य-द्यगकतभच) ले एकपटक खोरभित्र छिटेर निसंक्रमण गर्ने ।

**दोस्रो हप्ता (८ देखि १४ दिन)**

चल्लालाई अलि बढी क्षेत्रफल उपलब्ध गराउने । प्रति वर्ग फुट २ वटा चल्ला हुनेगरी क्षेत्रफल दिने ।१२ औं दिनसम्म सतप्रतिशत प्रि-स्टार्टर दाना नै दिने । १३ औं दिन ७५ % प्रि- स्टार्टर र २५ % स्टार्टर दाना मिसाएर दिने । १४ औं दिन ५० % प्रि- स्टार्टर र ५० % स्टार्टर दाना मिसाएर दिने । तेस्रो हप्ता देखि स्टार्टर दाना खुवाउनको लागि दोस्रो हप्ताको अन्त्यतिर क्रमिक रुपमा प्रि- स्टार्टर दानाको मात्रा घटाउने । एक्कासी परिवर्तन नगर्ने । दानाको भाडा हेर्ने । सबै कुखुरालाई खाने स्थान पुग्ने गरी पर्याप्त छ कि छैन ?

दानाको भाडाको उचाई पनि यथोचित हुनुपर्दछ । फिडरको उचाई कुखुराको पिठ्यु बराबर हुनु उचित हुन्छ। शारीरिक वृद्दिसँगै क्रमिक रुपमा फिडरको उचाई बढाउँदै लैजाने। हावाको आवत-जावत (भेन्टीलेशन) अझै बढाउने । सोत्तरलाई यो हप्तामा दुई-तीन पटक पल्टाउने (रेकिङ्ग) गर्ने । सोत्तरको मोटाई बढाएर २ इन्च बनाइदिने ।

ब्रुडरको नजिकको तापक्रम ८५-९० डिग्री फरेनहाईट र कोठाको तापक्रम ७५-८० डिग्री फरेनहाईट हुनुपर्दछ । १२ देखि १४ दिनको बिचमा गम्बोरो बिरुद्धको इन्टरमेडीयट प्लस (IBD Intermediate Plus) भ्याक्सिन आखाँ वा नाक वा मुखको प्वालमा एक (एक थोपा दिने । सकभर १२ औं दिनमै दिएको राम्रो । मुखको प्वालमा दिंदा उत्साहजनक परिणाम देखिएको छ ।

फंगल (ढुसिजन्य) इन्फेकशन र एसाईटिस (पेटमा पानि जम्मा हुने) नहोस् भन्नाको लागि विशेष सावधानी अपनाउने । यो हप्ता प्रत्येक चल्ला दाना खपत ३६०-३७० ग्राम हुनुपर्दछ (कब-५०० को हकमा ३७५ ग्राम) । समय-समयमा फिडरलाई हल्लाउने । यति दाना खपत गरेपछि चल्लाको औषत तौल लगभग ४५० ग्राम हुनुपर्छ (कब-५०० को हकमा ४६५ ग्राम) । यदि सोभन्दा कम वजन आएमा तुरुन्त के कारणले गर्दा कम आयो भन्ने कुराको खोज तलास गरिहाल्ने । अन्यथा सुधार गर्नको लागि ढिलो हुनसक्छ । मृत्युदर १ प्रतिशत भन्दा बढी नहोस् ।

भि-अक्स (V–Ox) वा वायो-बुस्टर (Bio–Buster) एकपटक खोरभित्र छिटेर निसंक्रमण गर्ने । जीवित भ्याक्सिन (Live vaccine) दिनुभन्दा ४८ घण्टा अगाडि देखि १२ घण्टा पछिसम्म खोरभित्र निसंक्रमण औषधि प्रयोग नगर्ने । निसंक्रमण औषधिको प्रभावले Live vaccine को सक्रिय तत्व नष्ट हुनसक्छन ।

**तेस्रो हप्ता (१५ देखि २१ दिन)**

एउटा ब्रोइलरलाई पौने वर्ग फिट पुग्ने गरि क्षेत्रफल दिने । १५ औं दिन ७५% स्टार्टर र २५% प्रि-स्टार्टर दाना दिने । १६ औं दिनबाट १००% स्टार्टर दाना दिने । दानाको प्रकार एक्कासी परिवर्तन नगरिकन क्रमबद्ध रुपमा गर्ने । दाना परिवर्तन गर्ने बेलामा बायोलिभ (Bio–Liv) १५ एम एल प्रति सय चल्लाको दरले १२ औं दिनदेखि १६ औं दिनसम्म पानीमा चलाउने । दानाको भाडा हेर्ने । सबै कुखुरालाई खाने स्थान पुग्ने गरी पर्याप्त छ कि छैन ?

दानाको भाडाको उचाई पनि यथोचित हुनुपर्दछ । फिडरको उचाई कुखुराको पिठ्यु बराबर हुनु उचित हुन्छ। शारीरिक वृद्दिसँगै क्रमिक रुपमा फिडरको उचाई बढाउँदै लैजाने। हावाको आवत-जावत (भेन्टीलेशन) अझै बढाउने । सोत्तरलाई यो हप्तामा प्रत्येक दिन पल्टाउने (रेकिङ्ग) गर्ने । सोत्तर जहाँ भिजेको छ त्यसलाई हटाउने र नयाँ सोत्तर थपेर मोटाई ३ इन्च बनाइदिने ।

ब्रुडरको नजिकको तापक्रम ८०-८५ डिग्री फरेनहाईट र कोठाको तापक्रम ७०-७५ डिग्री फरेनहाईट हुनुपर्दछ । १९ देखि २१ दिनको बिचमा फेरी गम्बोरो विरुद्धकै इन्टरमेडीयट (IBD Intermediate) भ्याक्सिन पानीमा मिलाएर दिने। सकभर १९ औं दिनमै दिएको राम्रो ।

एसाईटिस (पेटमा पानि जम्मा हुने) नहोस् भन्नाको लागि विशेष सावधानी अपनाउने । कब-५०० जातका ब्रोइलर कुखुरामा तुलनात्मक रुपमा बढी एसाईटिसको समस्या देखिने गरेको पाइएको छ ।

यो हप्ता प्रत्येक चल्ला दाना खपत ६२०-६३० ग्राम हुनुपर्दछ (कब-५०० को हकमा ६५० ग्राम) । यति दाना खपत गरेपछि चल्लाको औषत तौल लगभग ८५० ग्राम हुनुपर्छ (कब-५०० को हकमा ९४३ ग्राम) । यदि कम वजन आएमा तुरुन्त के कारणले गर्दा आयो भन्ने कुराको खोज तलास गरिहाल्ने । मृत्युदर आधा प्रतिशत भन्दा बढी नहोस् । भि-अक्स (V–Ox) वा वायो-बुस्टर (Bio–Buster) जस्ता भाइरुसाइडल औषधिले हप्तामा दुई पटक खोरभित्र छिटेर निसंक्रमण गर्ने ।

**चौथो हप्ता (२२ देखि २८ दिन)**

एउटा ब्रोइलरलाई एक वर्ग फिट पुग्ने गरि क्षेत्रफल दिने । २६ औं दिनसम्म सतप्रतिशत स्टार्टर दाना नै दिने । २७ औं दिन ७५% स्टार्टर र २५ % फिनिसर दाना मिसाएर दिने । २८ औं दिन ५०% स्टार्टर र ५० % फिनिसर दाना मिसाएर दिने । पाचौं हप्ता देखि स्टार्टर दाना खुवाउनको लागि चौथो हप्ताको अन्त्यतिर क्रमिक रुपमा स्टार्टर दानाको मात्रा घटाउने । एक्कासी परिवर्तन नगर्ने । दानाको भाडा हेर्ने । सबै कुखुरालाई खाने स्थान पुग्ने गरी पर्याप्त छ कि छैन?

निश्चित समयको अन्तरालमा फिडर हल्लाउने । यसरी फिडर हल्लाउनाले कुखुरा दाना खान प्रेरित हुन्छ । दानाको भाडाको उचाई पनि यथोचित हुनुपर्दछ । फिडरको उचाई कुखुराको पिठ्यु बराबर हुनु उचित हुन्छ । शारीरिक वृद्दिसँगै क्रमिक रुपमा फिडरको उचाई बढाउँदै लैजाने । हावाको आवत-जावत (भेन्टीलेशन) अझै बढाउने । सोत्तरलाई यो हप्तामा प्रत्येक दिन पल्टाउने (रेकिङ्ग) गर्ने । सोत्तर जहाँ भिजेको छ त्यसलाई हटाउने र नयाँ सोत्तर थपेर मोटाई ३.५ इन्च बनाइदिने ।

ब्रुडरको नजिकको तापक्रम ७५-८० डिग्री फरेनहाईट र कोठाको तापक्रम ६५-७० डिग्री फरेनहाईट हुनुपर्दछ। २३ औं र २४ औं दिनमा फेरीपनि डेनागार्ड (Denaguard) १० ग्राम प्रति १००० चल्लाको दरले वा सोलुटिल (Solutyl) २५ ग्राम प्रति १००० चल्लाको दरले वा टाइलोभेट (Tylovet) १ ग्राम प्रति ३ लिटर पानिको दरले ५-६ घण्टाको पानीमा दिने ।

२५ देखि २८ दिनको बिचमा फेरी रानीखेत विरुद्धकै लासोटा ९बकयतब० भ्याक्सिन पानीमा मिलाएर दिने । सकभर २५ औं दिनमै दिएको राम्रो । सिआरडिई, कोलाई, कक्सीडियोसिस् एवम् एसाईटिस (पेटमा पानि जम्मा हुने) नहोस् भन्नाको लागि विशेष सावधानी अपनाउने । उपरोक्त रोगका लक्षण देख्नासाथ तुरुन्त दर्तावाल भेटेरिनरी डाक्टर कहाँ उपचार गर्ने । यो हप्ता प्रत्येक चल्ला दाना खपत ९००-९२० ग्राम हुनुपर्दछ (५०० को हकमा ९४३ ग्राम) । यति दाना खपत गरेपछि चल्लाको औषत तौल लगभग १४०० ग्राम हुनुपर्छ (५०० को हकमा १५२४ ग्राम) । यदि कम वजन आएमा तुरुन्त के कारणले गर्दा कम आयो भन्ने कुराको खोज तलास गरिहाल्ने । मृत्युदर आधा प्रतिशत भन्दा बढी नहोस् । जानकारी राख्नुहोस - यो सप्ताहलाई ब्रोइलर पालनमा एकदम जटिल सप्ताहको रुपमा बुझिन्छ । यो सप्ताह खैरियतसँग काटियो भने प्रायगरी अन्त्यसम्म खैरियत नै रहन्छ ।

**पाचौं हप्ता (२९ देखि ३५ दिन**

एउटा ब्रोइलरलाई सवा एक वर्ग फिट पुग्ने गरि क्षेत्रफल दिने । २९ औं दिन ७५५ फिनिसर र २५५ स्टार्टर दाना दिने । ३० औं दिनबाट १००५ फिनिसर दाना दिने । दानाको प्रकार एक्कासी परिवर्तन नगरिकन क्रमबद्ध रुपमा गर्ने । दाना परिवर्तन गर्ने बेलामा बायोलिभ १५ एम एल प्रति सय चल्लाको दरले २६ औं दिनदेखि ३० औं दिनसम्म पानीमा चलाउने । दानाको भाडा हेर्ने । सबै कुखुरालाई खाने स्थान पुग्ने गरी पर्याप्त छ कि छैन ? निश्चित समयको अन्तरालमा फिडर हल्लाउने । दानापानिको भाडाको उचाई पनि यथोचित हुनुपर्दछ । फिडर (ड्रीङ्करको उचाई कुखुराको पिठ्यु बराबर हुनु उचित हुन्छ । शारीरिक वृद्दिसँगै क्रमिक रुपमा फिडरको उचाई बढाउँदै लैजाने ।

हावाको आवत-जावत (भेन्टीलेशन) अझै बढाउने । सोत्तरलाई यो हप्तामा प्रत्येक दिन पल्टाउने (रेकिङ्ग) गर्ने । सोत्तर जहाँ भिजेको छ त्यसलाई हटाउने र नयाँ सोत्तर थपेर मोटाई ४ इन्च बनाइदिने । ब्रुडरको नजिकको तापक्रम ७०-७५ डिग्री फरेनहाईट र कोठाको तापक्रम ६०-६५ डिग्री फरेनहाईट हुनुपर्दछ ।

सिआरडि र कोलाईको संक्रमण नहोस् भन्नाको लागि विशेष सावधानी अपनाउने । यो हप्ता प्रत्येक चल्ला दाना खपत १२०० ग्राम हुनुपर्दछ (५०० को हकमा १२१५ ग्राम) ।

यति दाना खपत गरेपछि चल्लाको औषत तौल लगभग १९०० ग्राम हुनुपर्छ (५०० को हकमा २१९२ ग्राम) । यदि कम वजन आएमा तुरुन्त के कारणले गर्दा आयो भन्ने कुराको खोज तलास गरिहाल्ने र निवारण गर्ने । मृत्युदर आधा प्रतिशत भन्दा बढी नहोस् । भि-अक्स वा वायो-बुस्टर (Bio–Liv) जस्ता भाइरुसाइडल औषधिले हप्तामा तीन पटक खोरभित्र छिटेर निसंक्रमण गर्ने ।

**छैठौं हप्ता ९३६ देखि ४२ दिन**

एउटा ब्रोइलरलाई डेढ वर्ग फिट पुग्ने गरि क्षेत्रफल दिने । फिनिसर दाना दिने । दानाको भाडा हेर्ने । सबै कुखुरालाई खाने स्थान पुग्ने गरी पर्याप्त छ कि छैन ? निश्चित समयको अन्तरालमा फिडर हल्लाउने । दानापानिको भाडाको उचाई पनि यथोचित हुनुपर्दछ । फिडर-ड्रीङ्करको उचाई कुखुराको पिठ्यु बराबर हुनु उचित हुन्छ । शारीरिक वृद्दिसँगै क्रमिक रुपमा फिडरको उचाई बढाउँदै लैजाने । हावाको आवत-जावत (भेन्टीलेशन) अझै बढाउने । सोत्तरलाई यो हप्तामा प्रत्येक दिन पल्टाउने (रेकिङ्ग) गर्ने । सोत्तर जहाँ भिजेको छ त्यसलाई हटाउने र नयाँ सोत्तर थपेर सुख्खा

बाँकी ८ पेजमा

**के तपाई घर बनाउँदै हुनुहुन्छ? आफ्नो घर अरूको भन्दा फरक र आकर्षक होस् भन्ने चाहाना राख्नु भएको छ ?**

**त्यसो हो भने हामीलाई सम्झनुहोस् । अब प्यूठानमा पहिलोपटक आकर्षक तथा उत्कृष्ट कोरियन यू.पि.भि.सि. प्रविधिका गुणस्तरिय झ्याल, पार्टेसन र ढोकाहरू हामीले लिएर आएका छौं ।**



**साथै घर तथा अफिस सजावटका सम्पूर्ण फर्निचर तथा फर्निसिङ सामग्री आवश्यक परेमा हामीलाई सम्झनुहोस् ।**

**प्रो. प्रभात के.सी. ९८५७८३३९८१/९८४७८२१९८०**

**एसियन यू.पि.भि.सि. एण्ड सप्लायर्स**

**प्यूठान नगरपालिका ४ जुम्री बजार प्यूठान**

## गाउँपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एव अपांगता भएका व्यक्तिहरुको लागि वितरण गरिने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खबरदारी गरौं ।

अनुरोधक : **ऐरावती गाउँपालिका बरौला, प्यूठान**

## विज्ञापन व्यवसायलाई पारदर्शी बनाऔं

-विज्ञापनको रकम भुक्तानी गर्दा तोकिएको स्थान, समय र अवधिमा प्रकाशन वा प्रसारण गरेको यकिन गरेर मात्र भुक्तानी गर्ने गरौं।

-सञ्चारमाध्यमले जारी गरेको बिजक र एजेन्सी कमिसन खुल्ने बिजकको आधारमा मात्र विज्ञापन प्रकाशन तथा प्रसारणको भुक्तानी गरौं।

-सम्झौताको आधारमा कारोबार भएको भए सम्झौतामा तोकिएको अवधिमा र कार्यादेशको आधारमा कारोबार भएको भए विज्ञापनदाताले विज्ञापन एजेन्सीलाई एक महिनाभित्र र विज्ञापन एजेन्सीले सचारमाध्यमलाई दुई महिनाभित्र भुक्तानी गरौं।

-समयमा भुक्तानी प्राप्त नभए विज्ञापन बोर्डमा उजुरी गरौं।

**नेपाल सरकार विज्ञापन बोर्ड**

# ब्रोइलर...

बनाइदिने ।

कोठाको तापक्रम ६०-६५ डिग्री फरेनहाईट हुनुपर्दछ । यदी कोठाको तापक्रम ५५ डिग्री फरेनहाईट भन्दा कम भएमा कुखुराले अनावश्यक बढी दाना खाएर एफ। सि. आर.खराब हुनसक्छ, यस्तो अवस्था आइपरे भुकारीको प्रयोग गरेर तापक्रम बढाउने । सिआरडि र ई. कोलाईको संक्रमण नहोस् भन्नाको लागि विशेष सावधानी अपनाउने । यो हप्ता प्रत्येक चल्ला दाना खपत १२३०-१२५० ग्राम हुनुपर्दछ (कब-५०० को हकमा १४३४ ग्राम) । यति दाना खपत गरेपछि चल्लाको औषत तौल लगभग २४०० ग्राम हुनुपर्छ (कब-५०० को हकमा २८५७ ग्राम) ।

यदि कम वजन आएमा के कारणले गर्दा आयो भन्ने कुराको खोज(तलास गर्ने जुन अर्को लटको लागि शिक्षा हुनसक्दछ, यो लटको लागि भने सुधार गर्ने बेला टरिसकेको हुन्छ । मृत्युदर आधा प्रतिशत भन्दा बढी नहोस् । भि-अक्स (V–Ox) वा वायो-बुस्टर (द्यष्य-द्यगकतभच) जस्ता भाइरुसाइडल औषधिले हप्तामा तीन पटक खोरभित्र छिटेर निसंक्रमण गर्ने ।

**नोट** : एक समयमा एकै उमेर समूहको व्रोइलर राख्नु उपयुक्त हुन्छ । यसलाई प्रणाली यगत क्थकतभ्फ भनिन्छ । यसबाट नतिजा राम्रो आउनेछ ।

यहाँ बताइएको दाना खपत र शारीरिक वजन व्रोइलरको जात अनुसार केहि फरक हुनसक्नेछ ।पानीको भाँडा विहान र बेलुका गरी दिनको दुई पटक सफाई गर्ने । कुनै प्रभावकारी निसंक्रमण झोलले छिट्ने पनि गर्ने ।

हावाको आदान(प्रदान कम भएमा एसाईटिस (पेटमा पानि जम्मा हुने) को समस्या देखिन सक्छ । साथै खोएभित्र एमोनिया ग्याँसको मात्रा बढ्न गएर विभिन्न संक्रामक रोग निम्त्याउने सम्भावना रहन्छ र वजन प्राप्तिमा समेत नकारात्मक असर पर्नसक्छ ।

दाना खेर जान बाट जोगाउने । फिडरमा सतप्रतिशत भरिने गरी दाना नराख्ने । दुई-तिहाई जति मात्र राख्ने र खाइसकेपछि पूनस् थप्ने ।

सुलीको रंग बदलिएको खण्डमा वा सुली पातलो भएको खण्डमा तुरुन्त यसप्रति ध्यान दिने र दर्तावाल भेटेरिनरी डाक्टर कहाँ लगेर उपचार गरिहाल्ने । केहिबेर चल्लाको नजिकै बसेर ध्यान दिने । कोहि सानो र कोहि ठुलो त भैरहेका छैनन् ! यदी यस्तो भएको छ भने कारण पत्ता लगाउने र निराकरण गर्ने । निराकरण गर्नको लागि तौल अनुसार ग्रेडिंग गरी ठुला र सानालाई छुट्टा-छुट्टै बस्ने र दानापानि खाने व्यवस्था गर्न सकिन्छ । चल्लालाई सास फेर्ने बेलामा अफ्ठ्यारो भई आवाज निस्कने गरेको त छैन ? यदी छ भने तुरुन्त भेटेरिनरी डाक्टरसँग परामर्श लिएर सोहि मुताविक काम गर्ने । खुट्टा कमजोर त भएको छैन ? यदी भएमा तुरुन्त उपचार गर्ने ।

डेनागार्ड वा सोलुटिल वा टाइलोभेट भएको पानि प्रयोग गरिसकेपछि बाँकी पानिमा विशेषज्ञ भेटेरिनरी डाक्टरको सल्लाह मुताविक कुनै राम्रो एन्टीवायोटिक (जुन प्रयोगशालामा एन्टीवायोटिक सेन्सिटिभिटी गर्दा अक्सर गरेर सेन्सिटिभ भेटिएको छ । सेन्सिटिभ एन्टीवायोटिक ठाउँ र समय अनुसार फरक हुनसक्छन ।) ३-४ दिन सम्म दिन सकिन्छ । व्रोइलर उधोगमा माइकोप्लाज्मा (सिआरडि) देखि जोगिन आवश्यक छ । प्रायगरी ह्याच भएर आएदेखि नै चल्ला आफैले खोरमा माइकोप्लाज्मा भित्राएको पाइन्छ । संक्रमण भैसकेपछि हुनसक्ने क्षतिबाट बचावको लागि एन्टीवायोटिकको प्रयोग नै उपयुक्त विधि हो । तर विशेषज्ञ भेटेरिनरी डाक्टरको परामर्श विना आफुखुसी वा अन्धाधुन्ध एन्टीवायोटिक प्रयोगको निर्णय लिनु उपयुक्त हुँदैन ।

यहाँ कुनै विशेष भ्याक्सिन वा औसधिको नाम उल्लेख गरिएको छ । विशेषज्ञ दर्तावाल भेटेरिनरी डाक्टरको सल्लाह लिएर यससँग मिल्ने अन्य भ्याक्सिन वा औसधिको प्रयोग गर्न सकिन्छ, परन्तु गर्नुहोस जरुर । डेनागार्ड (टियामुटिन) प्रयोग गर्ने बेला यो कुरा ध्यान दिनुपर्छ कि दानामा सालिनोमाईसिन, मदुरामाईसिन, मोनेनसिन र नारसिन जस्ता कक्सीडियोस्टाट प्रयोग भएको हुनुहुँदैन । दाना बिक्रेताबाट यो कुराको जानकारी लिन सकिन्छ । यदी दानामा यस्ता कक्सीडियोस्टाट प्रयोग भएको भए सोलुटिल वा टाईलोभेट (टाइलोसिन) प्रयोग गर्न उपयुक्त हुन्छ ।

**विशेष नोट**:

१. हामी ब्रुडिंगको समयमा तापक्रम कायम गर्ने कुरामा मात्र केन्द्रित हुन्छौं । हावाको आवत(जावत ९भेन्टीलेशन० मा भने खासै ध्यान दिदैनौं । हावाको आवत(जावत अत्यन्तै आवश्यक छ ।

२. कतिपय किसानले आफ्नो व्यवस्थापनबाट ब्रुडरलाई हटाएको भेट्न सकिन्छ । कतिपयलाई ब्रुडर भन्ने चिज के हो भन्ने नै थाहा छैन । यो एकदम गलत कुरा हो । सामान्य बल्बले मात्र ताप दिने कुरा गर्मीयाममा त पर्याप्त होला तर जाडोयाममा कदापि हुनसक्दैन ।

३. सोत्तरमा बढ्दै गएको ओसिलोपनामा ध्यान दिदैनौं । यसले एफ।सि।आर लाई खराब बनाउँछ साथै एमोनिया ग्याँसको मात्र वृद्दि भएर थुप्रै स्वास्थ्यजन्य समस्या आइपर्न सक्छ ।

४. सफलतम व्रोइलर पालनको लागि यो कुरा आवश्यक छ कि दैनिक हिसाब-किताब तथा अभिलेख राख्नुपर्छ । तर हामी यसो गरिरहेका छैनौं ।

**झुलेनी पोष्ट** साप्ताहिक

**समाचार, सूचना, विचार र विज्ञापन प्रकाशनका लागि हामिलाई सम्पर्क**

**०८६-५९०४३६**

Email : jhulenipyuthan@gmail.com

**झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक**

अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ति (९८५७८३६६७२), डिजाइन : सुजाता थापा क्षेत्री (९८६६८०७२३७)

कार्यालय : प्यूठान न.पा.-४, विजुवार भौकारोड, (फोन : ०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : भिजन अफसेट प्रेस जस्पुर, प्यूठान